# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिन्चोक गाउँपालिका
## दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कालिन्चोक गाउँपालिका

दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कालिन्चोक गाउँपालिका

## दोलखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १३४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

कालिन्चोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दोलखा ।

१. **कैफियत सहितको राय -** हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू २ करोड ५९ लाख ७७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.९७ लाख ६९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १० लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६८ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु. २७ लाख १६ हजार र पेश्की बाँकी रु. ९५ लाख ६५ हजार समेत रु. १ करोड ६२ लाख ८ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु.१९ करोड ९२ लाख २९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड ५४ लाख ३७ हजार रहेको छ । **यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकरप्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

कालिन्चोक गाउँपालिका,

दोलखा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १०१ | १५२ | २५९७७ | ० | ४१ | ९७६९ | १०१ | १११ | १६२०८ | १०५१ | २७१६ | ६८४९ | ० | ० | ९५६५ | ५५९२ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | १९९२२९ | ० | ० | १९९२२९ | ० | १६२०८ | २१५४३७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ८ | राजश्व बाँडफाँड | १३३५४६४।०८ |
| २ | | ४४ | सवारी साधन खरिद | ३७५५२९५ |
| ३ | | ८९ | उपभोक्ता समितिबाट कार्यक्रम संचालन | १५५५००० |
| ४ | | ९३ | प्रविधी हस्तानतरण | ११३९९८ |
| ५ | | १०४ | वडा कार्यालयको खरिद | ७७५००० |
| ६ | | ११० | अनुदान | १००००० |
| ७ | | १२७ | बैंठक भत्ता | १५६५ |
| ८ | | १३३ | राजश्व बाँडफाँड | १६९२०४० |
| ९ | | १३६ | सामाजिक सुरक्षा | १४६४५४ |
| १० | | १३८ | दोहोरो नाम तथा नागरिकता | २९२७५२ |
| | **चालु वर्षको जम्मा** | | | **९७६८५३३।०८** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | | | |
| | **२०७७।७८** | | | |
| | **२०७६।७७** | | | |
| | **गत विगतको जम्मा** | | | |
| | **कुल जम्मा** | | | **९७६८५३३।०८** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालयको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस कालिञ्चोक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । कुल क्षेत्रफल १३२.०३ वर्ग किलोमिटर रहेको यस गाउँपालिकाको वडा संख्या ९ सभा सदस्य संख्या ४५ तथा जनसंख्या २२९५४ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।५ देखि २०८०।६।९ सम्म रहेको थियो ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको

प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको गत वर्षको जिम्मेवारीबाट रु.७५४४३६३९।- यस वर्ष आन्तिरक आयबाट रु.७९२५४७५।-, राजस्व बाँडफाँडबाट रु.९३७०६८९६।-, अनुदानबाट रु.५०७६२५०४६।- र अन्य प्राप्तिबाट रु.२३४७०४९८।- समेत रु.७०८१७१५५३।- आय तथा चालु खर्च तर्फ रु.४०६९९५८८६।- र पूँजीगत तर्फ रु.२४८५१९९६०।- समेत रु.६५५५१५८४६।- खर्चको लेखापरीक्षण सम्पन्न भएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **वित्तीय विवरणको परीक्षण -**

**आर्थिक स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम लिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।आय-व्यय सम्बन्धी विवरण **अनुसूची-३** मा संलग्न छ ।

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको पाइयो । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

४ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरीएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्नेमा पालिकाले सामाजिक सुरक्षातर्फको रु.१३,४१,२६,६४२।९७ SuTRA प्रणालीमा लेखाङ्कन गरेको पाइएन । जसले गर्दा SuTRA बाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार SuTRA मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५,९४,८५,३९४।७८, यस वर्षको प्राप्ति रु. 486342504।34 र यस वर्षको भुक्तानी रु. 483108543।12 रहेकोमा गत वर्षको जिम्मेवारी र यस वर्षको प्राप्तिमा देहायअनुसार फरक परेको छ । SuTRA मा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७२ ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| SuTRA अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७,५४,४३,६३९.०८ | ६३,२७,२७,९१४.४१ | ६५,५५,१५,८४५.८५ | ५,२६,५५,७०७.६४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८,७८,३०,६६४।२६ | ६२,१६,७६,३५३।२५ | ६५,६८,५१,३०९।८७ | ५,२६,५५,७०७.६४ |
| **फरक** | **१,२३,८७,०२५।२५** | **१,१०,५१,५६१।१६** | **१३,३५,४६४।०२** | ०.०० |

६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २,६८,४४,४६०.५८ | २,७९,९३,८१६.०० | ११४९३५५.४२ |
| चालु खर्च खाता | १४,०२६.९० | ० | -१४,०२६.९० |
| पुँजीगत खर्च खाता | ११,३५,३२८.५२ | ० | -११,३५,३२८.५२ |
| **जम्मा** | | | ०.०० |

७ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.११,९५,६५,१५९.५२ मौज्दात रहेकोमा यो वर्ष रु.७,५४,४३,६३९.०८ जिम्मेवारी सारेको छ । जस अनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा भन्दा रु.४,४१,२१,५०२।४४ जिम्मेवारी फरक देखिएको छ । गत आर्थिक वर्षको म.ले.प. प्रतिवेदनमा रु.४,३७,६७,९०१।५० घटी जिम्मेवारीको सम्बन्धमा उल्लेख भई सकेकोले सो कारणले यस वर्ष समेत जिम्मेवारी सार्दा फरक पर्न गएको कार्यालयको भनाई रहेको छ । उक्त गत आर्थिक वर्षमानै फरक परेको रकमलाई मिलान गर्दा यस वर्ष रु.७,५७,९७,२५८।०२ जिम्मेवारी सार्नुपर्ने देखिन्छ । कार्यालयवाट यस

वर्ष रु.७,५४,४३,६३९.०८ जिम्मेवारी सारेकोले खुद जिम्मेवारी सार्नुपर्ने भन्दा रु.३,५३,६१८।९४ घटी जिम्मेवारी सारेको देखिएकोले सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५३,६१८.९४ |

८ **कर दायित्व -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-११-१५ को निर्णयबाट रु.१३,३५,४६४.०८ सम्परीक्षण गरिएको ।)***

९ **खर्च खाता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा यस आर्थिक वर्षको अन्त्यसम्म चालु खर्च खाता तर्फ रु.१४०२६।९० र पुँजीगत खर्च खातातर्फ रु.११३५३२८।५२ मौज्दात रहेकोमा अर्को आर्थिक वर्षमा मात्र खाता शुन्य गरेको पाइयो । तसर्थ कार्यालयले बर्षान्तमा नै रकम स्थानान्तरण गरी खाता शुन्य गर्नु पर्दछ ।

१० **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा रु.३०४६३३१८१३३।- र प्रदेश सञ्चित कोषमा रु.१२१२६०४१९५।- गरी जम्मा रु.३१६७५९२३।२८ मिति २०७९।३।२९ मा फिर्ता गरेको पाइयो ।

११ **खर्च विश्लेषण -** पालिकाले गत वर्षको जिम्मेवारीबाट रु.७५४४३६३९।- यसवर्ष कुल आन्तिरक आयबाट रु.७९२५४७५।-, राजस्व बाँडफाँड रु.९३७०६८९६।-, अनुदानबाट रु.५०७६२५०४६।- र अन्य प्राप्तीवाट रु.२३४७०४९८।- समेत रु.७०८१७१५५३।- आम्दानी भएकोमा चालु तर्फ रु.४०६९९५८८६।- र पूंजीगत तर्फ रु.२४८५१९९६०।- समेत रु.६५५५१५८४६।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.९५५५८००।- खर्च भएको छ जुन आन्तरिक आयको १२०.५७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.४७ प्रतिशत चालु र ३५.०९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१२ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहायबमोजिम छन्ः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन ।

- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसूची २११ बमोजिम ढाँचामा तयार गरेको पाइएन ।

- स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको देखिएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

- स्थानीय तहले उपभोक्ता समिति मार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा केही योजना हस्तान्तरण गरेको पाइएन भने सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरीक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

- बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेकोले पाइएन।

- निजामती सेवा ऐन, २०४९ को दफा ५ क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।

- पालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको देखिएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरीसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थिति मूल्याङ्कन गर्न सक्ने स्थिति नभएको,

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरीरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्वन्धीत वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मूल्याङ्कनको कार्य नभएको,

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको नगरेको,

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको नगरेको,

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्वन्धीत समितिमा पेस गरेको नदेखिएको,

- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मीटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैंले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नरहेको,

- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यून मात्रामा मात्र नक्सा पास भएको तथा अनुगमन कमजोर रहेको,

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागू गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले २०७९।३।१० गते रु.७७ करोड ६० लाख ८१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।३।१७ मा प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्वन्धीत पदाधिकारीको ध्यान जानुपर्दछ ।

१६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्वन्धीत अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरीबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको पाइयो र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १२४ | ५३४५६२५ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १९६ | २७१३३८७६ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४८ | १६७०१२९६ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ३० | १९३४०००० |

| | | | |
|---|---|---|---|
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | २० | २४४७३००० |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | ४ | २२५००००० |
| | **जम्मा** | **४२२** | ११९४५३७९७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको पाइयो । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | संघीय पूँजीगत | ३६५४९६२५ | ३०००००० | ० | ८००००० | ३२७४९६२५ | २८६९५१४० |
| २ | प्रदेश पूँजीगत | २८४०१५३६ | ० | १०२०७७ | ४०३९२५९ | २४२६०२०० | १६२१३०१३ |
| ३ | गाउँपालिका पूँजीगत | १७९०१६०५७ | ११०१९५४३ | २८७५११२२ | ४८१७३८१७ | ९१०७१५७५ | ४८८३६२६४ |
| **कूल खर्च** | | २४३९६७२१९ | १४०१९५४३ | २८८५३१९९ | ५३०१३०७६ | १४८०८१४०१ | ९३७४४४१८ |
| **खर्च प्रतिशत** | | **१००** | **५.७५** | **११.८३** | **२१.७३** | **६०.७०** | **३८.४३** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ६०.७० प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३८.४३ प्रतिशत खर्च भएको देखिन्छ । यसरी चौथो त्रैमासिक र असार महिनामा अधिक खर्च खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढ महिनामा आएर खर्चको चाप परेको देखिन्छ । जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा असर पर्ने देखिएकोले अन्तिम त्रैमासिक तथा आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३८३११६६७ | ३२७२६६५२ | ५.०४ |
| सामाजिक क्षेत्र | ३४८६७८००० | ३०५२४२७८९ | ४७.०३ |
| पूर्वाधार विकास क्षेत्र | २३७६४०००० | १९५६८१८७७ | ३०.१५ |
| वित्तीय व्यवस्थापन र सुशासन | २५७९८००० | २१३१७८७६ | ३.२८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२५६५३८७६ | ९४०५०११९ | १४.४९ |
| जम्मा | ७७६०८१५४३ | ६४९०१९३१३ | १०० |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४७.०३ प्रतिशत र कार्य संचालन तथा प्रशासनिक खर्च क्षेत्रमा सबै भन्दा न्यूनमा ३.२८ प्रतिशत खर्च भएको पाइयो ।

१९ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्वन्धीत अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरीबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको पाइयो र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १२४ | ५३४५६२५ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १९६ | २७१३३८७६ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४८ | १६७०१२९६ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ३० | १९३४०००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | २० | २४४७३००० |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | ४ | २२५००००० |
| | **जम्मा** | **४२२** | **११९४५३७९७** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको पाइयो । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२० **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको पाइएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०७९।८० को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.३००५०३३४।- प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.८,८६८,०३९.०८ अर्थात् अनुमान भन्दा ७०.४८ प्रतिशत न्यून आय प्राप्त गरेको पाइयो । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२२ **बजेट तथा चालु खर्च -** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ -

| **बजेट** | **चालु खर्च** | **बजेटको तुलनामा चालु खर्चको प्रतिशत** |
|---|---|---|
| ७७६०८१५४३ | ४७४९५४५४३ | ६१.२० |

पालिकाले यस वर्ष चालु तर्फ रु.७७६०८१५४३।०० विनियोजन गरेकोमा रु.४७४९५४५४३।०० खर्च गरेको पाइयो जुन ६१.२० प्रतिशत हुन आउँछ ।

२३ **बजेट तथा पूँजीगत खर्च -** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ -

| **बजेट** | **पूँजीगत खर्च** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|
| ७७६०८१५४३ | ३०११२७००० | ३८.८० |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.७७६०८१५४३।०० विनियोजन गरेकोमा रु.३०११२७०००।०० खर्च गरेको पाइयो जुन ३८.८० प्रतिशत मात्र हुन आउँछ ।

२४ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको पाइयोः-

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | संघीय पूँजीगत | ३६५४९६२५ | ३०००००० | ० | ८००००० | ३२७४९६२५ | २८६९५१४० |
| २ | प्रदेश पूँजीगत | २८४०१५३६ | ० | १०२०७७ | ४०३९२५९ | २४२६०२०० | १६२१३०१३ |
| ३ | गाउँपालिका पूँजीगत | १७९०१६०५७ | ११०१९५४३ | २८७५११२२ | ४८१७३८१७ | ९१०७१५७५ | ४८८३६२६४ |
| **कूल खर्च** | | २४३९६७२१९ | १४०१९५४३ | २८८५३१९९ | ५३०१३०७६ | १४८०८१४०१ | ९३७४४१८ |
| **खर्च प्रतिशत** | | १०० | **५.७५** | **११.८३** | **२१.७३** | **६०.७०** | **३८.४३** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ६०.७० प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३८.४३ प्रतिशत खर्च भएको देखिन्छ । यसरी चौथो त्रैमासिक र असार महिनामा अधिक खर्च खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढ महिनामा आएर खर्चको चाप परेको देखिन्छ । जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा असर पर्ने देखिएकोले अन्तिम त्रैमासिक तथा आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३८३११६६७ | ३२७२६६५२ | ५.०४ |
| सामाजिक क्षेत्र | ३४८६७८००० | ३०५२४२७८९ | ४७.०३ |
| पूर्वाधार विकास क्षेत्र | २३७६४0000 | १९५६८१८७७ | ३०.१५ |
| वित्तीय व्यवस्थापन र सुशासन | २५७९८००० | २१३१७८७६ | ३.२८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२५६५३८७६ | ९४०५०११९ | १४.४९ |
| जम्मा | ७७६०८१५४३ | ६४९०१९३१३ | १०० |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४७.०३ प्रतिशत र कार्य संचालन तथा प्रशासनिक खर्च क्षेत्रमा सबै भन्दा न्यूनमा ३.२८ प्रतिशत खर्च भएको पाइयो ।

२६ **दरबन्दी तथा पदपूर्ति -** पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र रिक्त पदको अवस्था निम्नानुसार रहेको पाइयो। उपर्युक्तानुसार विभिन्न १८ पदहरु रिक्त रहेको पाइयो । यसरी कार्यालयको लागि आवश्यक महत्त्वपूर्ण पदहरु रिक्त हुँदा सो सम्बन्धी सेवा प्रवाहमा असर पर्ने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ । यससँग सम्बन्धित विवरण **अनुसूची -४** मा रहेको छ।

२७ **तलबी प्रतिवेदन -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी रु. १,२४,६२,११२।७४ तलब भुक्तानी गरेको पाइयो भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएको देखिएन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२८ **पद रिक्त -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गर्न नपाइने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरीएको नियुक्ति स्वतः बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०७९/८० का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपाठाई १० जनालाई प्रत्येक ६ महिनामा म्याद थप गर्ने गरी करारमा नियुक्त गरेको कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वतः निष्क्रिय हुने देखिन्छ । साथै स्वतः बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२९ **पद रिक्तताको सूचना -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्वन्धीत स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ४५ जना रहेकोमा देहाय बमोजिम १८ जना स्थायी, १० जना करारमा कार्यरत रही १८ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको पाइएन ।

३० **सेवा प्रवाह -** पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १२०९ जनालाई देहाय बमोजिमको सेवा प्रवाह गरेको पाइयोः-

| सेवाको किसिम | संख्या |
|---|---|
| जन्म दर्ता | ५८६ |
| मृत्यु | २२७ |
| विवाह दर्ता | ३१४ |
| सम्बन्ध विच्छेद | २० |
| बसाइँ सराइ | ६२ |
| **जम्मा** | **१२०९** |

३१ **निर्माण कार्य व्यवस्थापन -** पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत् सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ४५१ | २९ | १५२४३६४८० | ४२२ | ११५४९३७९७ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ४५१ योजना मध्ये ठेक्का मार्फत २९ वटा योजनामा रु.१५२४३६४८०।०० खर्च गरेको पाइयो भने उपभोक्ता समिति मार्फत सञ्चालित ४२२ योजनामा रु.११५४९३७९७।०० खर्च गरेको पाइयो । अर्थात ४५१ योजनामा भएको खर्च मध्ये ५६.८९ प्रतिशत ठेक्का प्रक्रिया र ४३.११ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

३२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

३३ **नक्सा दर्ता र पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास गरेको छैन ।

३४ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको पाइयो । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४ | १९ | २३ | १८ | ५ |

३५ **धरौटी फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्सन मनि फिर्ता गर्दा पालना गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्वन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धिकर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका फर्मको धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धिकर समायोजनको प्रमाण संलग्न गरेको नपाइएकोले सो सम्बन्धी प्रमाण पेश हुनुपर्ने रु.

| सि.नं | भौ.नं.र मिति | फर्मको नाम | धरौटी रकम |
|---|---|---|---|
| १ | २।२०७९।६।१२ | सुनिता एण्ड कविता कन्स्ट्रक्सन प्रा.लि. | ४४२७७७.६१ |
| २ | २।२०७९।६।१२ | एस.बि.ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. | १४९९०६.०७ |
| ३ | १८।२०८०।३।१७ | भौरा साकुरा जे.भी. | ३८७७७४ |
| | | **जम्मा** | **९८०४५७.६८** |
| | | प्रमाण पेश नगरेको | ९,८०,४५७.६८ |

३६ **कृषि अनुदानको उपयोग -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको देखिदैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यो वर्ष पालिकाले दुग्ध मिशन अन्तर्गत चौरी प्रवर्द्धन कार्यक्रम गर्दा रु.७८७५००।- कालिन्चोक व्यवसायिक चौरी पालक कृषक समूहलाई ५० प्रतिशत अनुदान दिएकोमा सोमा समूहले ५० प्रतिशत रकम थप गरी २१ वटा चौरी गाई रु.१५७५०००। - खरिद गरेको पाइयो। कार्यालयवाट उक्त चौरी गाईहरुको बीमा नगरेको र खरिद पशुको स्वास्थय जाँच नभएको, उन्नत जातको खरिद नभएको, खरिद पशुको टयागिङ नभएको साथै वितरण गरीसकेपछि अनुगमन गरेको समेत नदेखिएकोले सो सम्बन्धमा सुधार हुनुपर्ने देखिन्छ ।

३७ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्रवाह भएको निम्न अनुसारको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु

| सि.नं | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती फर्मवा कम्पनीको नाम | चालु आ.व. | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्यादनाघेको |
| १ | संस्थागत | | | | |
| १ | ०६/०९/२०७९ | १६ | श्री सित्का माध्यमिक विद्यालय | | १५००००.०२ |
| २ | ०३/२४/२०८० | ५९ | श्री कालिनाग माध्यमिक विद्यालय | ० | २१६१४५३. |
| ३ | ०३/२४/२०८० | ५९ | श्री कालिनाग माध्यमिक विद्यालय | ० | १२०००००. |
| ४ | ०३/२४/२०८० | ५९ | श्री कालिनाग माध्यमिक विद्यालय | ० | २००००००. |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | | | | ० | **५५११४५३-०२** |
| २ | व्यक्तिगत | | | | |
| १ | ०९/०५/२०७९ | ७१ | श्री सोमबहादुर थामी | ०.०० | ८१,०००.०० |
| **जम्मा** | | | | ०.०० | ८१०००. |
| **कुल जम्मा** | | | | ०. | **५५९२४५३.०२** |
| | | | | पेश्की | ५५,९२,४५३.०२ |

३८ **बढी धरौटी फिर्ता -** ५।०७९।७।२७ बाट शैलुङ मल्टिप्रपोज प्रा.लि.ले रु.६७८००- को बैंक दाखिला भौचर सहित धरौटी फिर्ताको लागि निवेदन पेश गरेकोमा रु.१२७७६१।०० आम्दानी बाँधी फिर्ता दिएको पाइयो । कार्यालयले धरौटी रकम फिर्ता दिंदा धरौटी राखेको भौचरको आधारमा मात्र फिर्ता दिनु पर्नेमा भौचर नलिई फिर्ता दिएको पाइयो । जसको कारणबाट बढी फिर्ता भएको देखिएको रु.५९९६१।— को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,९६१ |

३९ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय- व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.६००००००।- अबण्डा बजेट व्यवस्था गरी योजनामा रु.७५०७९९२।- खर्च गरेको पाइयो। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अबण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरण देहाय अनुसार छन्।

| क्र सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | अन्य योजनासँग साझेदारी (म्याचिङ) | ३०००००० | ७००००० |
| २ | अन्तरपालिका साझेदारी | १०००००० | ६५०००० |
| ३ | पुंजीगत अनुसन्धान | २०००००० | १७८३१४० |
| | **जम्मा** | **६००००००** | **३१३३१४०** |

४० **रोड वे एक्साभेशन कार्यको लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा मितव्ययी किसिमले गर्नुपर्ने, सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ९(ङ) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका विषय समेत विचार गरी मितव्ययी एवं गुणस्तरीय कार्य सुनिश्चित हुने गरी तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रोड वे एक्साभेसन तथा अन्य खन्ने कार्यको लागत अनुमान तयार गर्दा संघीय सरकारका निकायहरुले मेशिन र म्यानुयल मिक्स गरी निर्धारण गर्ने गरेका छन् । यस्तो प्रतिशत साइटको अवस्था विश्लेषण गरी ८०:२० र ९०:१० गरेर लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्त गर्ने गरेको पाइन्छ। स्थानीय तहको हकमा उक्त विधिवाट लागत अनुमान तयार गरी कार्यान्वयन गरेको पनि अभ्यास छ। तर यो आयोजनामा सबै माटो खन्ने कार्यको मेनुयल नर्म्स आधारमा लागत अनुमान तयार गर्दा नरम माटो काट्ने कार्यको लागत अनुमान प्रति घनमिटर

रु.११८।६५ हुनुपर्नेमा रु.१८६।८८ प्रतिघनमिटर कायम गरेको पाइयो। फिल्डको अवस्था विश्लेषण गर्दा व्यवसायीले मेशिन प्रयोग गरेको अवस्था देखिएको छ। मेशिनद्वारा माटो काट्ने दर १०५।- को ८० प्रतिशतले रु.८४।- र मेनुयल दर रु.२३७।५० को २० प्रतिशतले हुने ४७.५० गरी रु.१३१।५० हुनेमा मेनुयल नर्म्स आधारमा मात्र तयार गरेको उपयुक्त देखिंदैन । पलिकाले विभिन्न ३० भन्दा बढी ठेक्का बन्दोवस्त गर्दा रोड वे एक्साभेसन तथा अन्य खन्ने कार्यको लागि माटो खन्ने कामको लागत अनुमान तयार गर्दा मेशिनद्वारा ८० प्रतिशत र मानिसद्वारा २० प्रतिशतका दरले गर्नुपर्ने देखिन्छ । तसर्थ मेशिनकोको दर ८० प्रतिशत र मानिसको दर २० प्रतिशतले हुने रु.१३१।५० वास्तविक हुनेमा मानिसद्वारा मात्र काम गर्ने गरी दर कायम गरी सो दरले लागत अनुमान तयार गर्दा प्रति घ.मी.रु. ५५।३८ का दरले लागत अनुमानमा फरक परेको छ । जसले गर्दा नमूना छनोट गरी परीक्षण गरिएका देहायका ५ योजनामा मात्र स्थानीय सरकारलाई रु.२२६८९७।- थप व्ययभार पर्न गएको देखिएको छ । यस सम्बन्धमा माथि उल्लेख भए अनुसार सुधार गर्नुपर्ने देखिन्छ । यसका केही उदाहरणहरु देहाय अनुसार छन्-

| ठेक्का नं. | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | माटो कटिङमा भएको खर्च | माटो कटिङ परिमाण (घ.मि.) | थप व्ययभार |
|---|---|---|---|---|---|---|
| ०१-२०७९।८० | गुमुखोला स्याउले भदौरे सिमस्वाँरा पोखरे सडक आयोजना | १९९९८६६१ | १११९८०४४१ | १३८११९ | ७३९.०८ | ४०९३०.१७ |
| ०२-२०७९।८० | कटुवाचौर ढिकाडाँडा सुन्द्रावलती सडक स्तरोन्नति | ९६६००४१ | ५७८६७३० | ५७०१७ | ३०५.१० | १६८९६.४१ |
| ०५-२०७९।८० | कुभिण्डे नरभुई हिलेपानी सडक स्तरोन्नति | ९८५५७५९ | ४८५८६५३ | २८६८१८ | १५३४.७७ | ८४९९५.६२ |
| ०६-२०७९।८० | घट्टेखोला कालिनञ्चोक सडक स्तरोन्नति | १९०२६०१९ | १०२६८२९३ | १५१०२३ | ८०८.१३ | ४४७५४.१४ |
| १६-२०७९।८० | झोरुङ खोला फलाँटे बाघखोर सडक स्तरोन्नति | ३५२४७०१ | ३२२२८५० | १३२६८७ | ७१०.०१ | ३९३२०.४५ |

| जम्मा | २२६८९६.७९ |
|---|---|

४१ **चेनेज तथा लोकेशन -** सडक निर्माण सम्बन्धी कार्य गर्दा, गराउँदा कार्य भएको स्थानको चेनेज खुलाउनुपर्नेमा सो अनुसार भएको पाइएन । कार्यालयले सडक कालोपत्रे, ढलान (रिजिड पेभमेण्ट), नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा चेनेज खुलाउने गरेको पाइएन । एउटै सडक उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४२ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४३ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माण, सडक स्तारोन्नती, खानेपानी योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २ प्रतिशत देखि ४८ प्रतिशत सम्म न्यूनमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै न्यूनमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत न्यूनमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही उदाहरण देहाय अनुसार छ ।यससंग सम्बन्धित विवरण **अनुसूची-५** मा संलग्न छ ।

४४ **सवारी साधन खरिद —**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रू. ३,७५५,२९५ - सम्परीक्षण गरिएको ।)*

४५ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक

कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कार्य परिमाण सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

४६ **बढी भुक्तानी** - ढुंगाको स्वीकृत लागत दर प्रति घनमिटरको रु.१४५०।- रहेककोमा कार्यालयले ठेक्का नं.१६-२०७९।८० मा समावेश झोरुङ्ग खोला फलाँटे बाघखोर सडक स्तरोन्नति योजनाको दर विश्लेषण र लागत अनुमान तयार गर्दा प्रति घनमिटर रु.१९८०.०५ का दर दरवाट तयार गरेको पाइयो । उक्त योजनाको डिटेल इष्टिमेटमा ढुंगाको कार्य ५०५.९८ घनमिटर हुने देखाइएकोमा उक्त कार्यको लागि ढुंगाको स्वीकृत दर र दर विश्लेषणमा कायम गरीएको दरको फरक रु.५३०।०५ ले हुने [(५०५.९८×१.१×५३०.०५)+१५%ओभरहेड] रु.३३९२६६।— मा स्वीकृत बोलपत्रदाता बैतेश्वर निर्माण सेवाले ५.४० प्रतिशत घटी कबोल गरेको हुँदा उक्त रकममा घटी प्रतिशत कटाई बाँकी रकम रु.३२०९४५।- बढी भुक्तानी भएकोले उक्त रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२०,९४५ |

४७ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । बढी भुक्तानी भएको व्यहोरा देहाय अनुसार छन्-

४७.१ चिसापानी खोला आर सी सी पुल तथा भतेरे चौर थुम्का बाटो निर्माण उपभोक्ता समितिलाई निर्माण कार्य बापत भौ.नं. २६- २०७९/६/१२ बाट रु.३,४६,३२१।- भुक्तानी भएको बिल भर्पाई परीक्षण गर्दा संलग्न नापी किताब तथा कार्यमूल्याङ्कन बिल अनुसार ढुंगाको सोलिङ गर्ने कार्यको दरविश्लेषण अनुसार प्रति घन मिटर ढुंगाको रु.१४५० भुक्तानी हुनुपर्नेमा प्रति घनमिटर रु.१८४८।७३ का दरले ले भुक्तानी भएको देखिएकोले ३१.५७ घनमिटर कार्य हुँदा प्रति घनमिटर रु.३९८।७३ ले हुने (३१.५७×१.१×३९८.७१) रु.१३८४६।— र सोही निर्माण कार्यमा १:४ को ढुंगाको गारो लगाउने कार्य ९.०९ घनमिटर गरेकोमा प्रति घनमिटरको रु.२०८५।९८ ले भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको प्रति घन मिटर रु.६३५।९८ ले हुने (९.०९×१.१×६३५.९८) रु.६३५९।— गरी जम्मा रु.२०२०५।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,२०५ |

४७.२ भौ.नं. ३४४- २०८०/३/२१ यावल खोला वडा कार्यालय तारेभिर विगु सडक उपभोक्ता समितिलाई निर्माण कार्य बापत रु.५,२३,०००।- भुक्तानी भएको सम्बन्धमा संलग्न नापी किताब तथा कार्यमूल्याङ्कन बिल अनुसार सडकको दाँया बाँया माटो काट्ने कार्य ३४३.४० घनमिटर गरेकोमा दरविश्लेषण अनुसार

प्रति घनमिटरको रु.११८।६५ भुक्तानी हुनुपर्नेमा प्रति घनमिटरको रु.१८६।८८ ले भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको प्रति घनमिटर रु.६८।२३ ले हुने (३४३.४०×६८.२३) रु.२३४३०।- असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,४३० |

४७.३ सेतीदेवी टोल विकास समितिलाई निर्माण कार्य बापत रु.२,५०,०००।— भुक्तानी भएको सम्बन्धमा संलग्न नापी किताब तथा कार्यमूल्याङ्कन बिल अनुसार ढुंगाको सोलिङ र सुख्खा ढुंगाको गारो लागउने कार्य ६९.३४ घनमिटर गरेकोमा दरविश्लेषण अनुसार प्रतिघन मिटर ढुंगाको रु.१४५० भुक्तानी हुनुपर्नेमा प्रति घनमिटरको रु.१९८०।०५ ले भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको प्रति घनमिटर रु.५३०।०५ ले हुने (६९.३४×१.१×५३०.०५) रु.४०४२९।- असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,४२९ |

४७.४ ढुंगाको स्वीकृत लागत दर प्रति घनमिटरको रु.१४५०।- रहेककोमा कार्यालयले ठेक्का नं. १३-२०७९।८० मा समावेश क्याम्पस मलेपु सडक योजनाको दर विश्लेषण र लागत अनुमान तयार गर्दा प्रति घनमिटर रु.१७७१।६८ को दरवाट तयार गरेको पाइयो । उक्त योजनाको डिटेल इष्टिमेटमा ढुंगाको कार्य १३३.६६ घनमिटर हुने देखाइएकोमा उक्त कार्यको लागि ढुंगाको स्वीकृत दर र दर विश्लेषणमा कायम गरिएको दरको फरक रु.३२१।६८ ले हुने [(१३३.६६×१.१×३२१.६८)+१५% ओभरहेड] रु.५४३८९।- मा स्वीकृत बोलपत्रदाता सागर एण्ड शिशिर कन्स्ट्रक्सनले २३.६३ प्रतिशत घटी कबोल गरेको हुँदा उक्त रकममा घटी प्रतिशत कटाई बाँकी रकम रु.४१५३७।- बढी भुक्तानी भएकोले उक्त रकम असूल गर्नुपर्ने रु. ४१५३७।-

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,५३७ |

४७.५ रातोकुलो सिंढी निर्माण उपभोक्ता समितिलाई निर्माण कार्य बापत भौ.नं. ३८-२०७९/६/३१ बाट रु.१,५०,०००।- भुक्तानी भएको सम्बन्धमा संलग्न नापी किताब तथा कार्यमूल्याङ्कन बिल अनुसार ग्याबिनमा ढुंगा भर्ने कार्य ४० घनमिटर गरेकोमा दरविश्लेषण अनुसार प्रतिघन मिटरको रु.३३६७।०७ भुक्तानी हुनुपर्नेमा प्रति घनमिटरको रु.३६३१।४९ ले भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको प्रति घनमिटर रु.२६४।४२ ले हुने रु.१०५७६।- असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५७६ |

४८ **खन्ने पुर्ने कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायको खानेपानी योजनामा पाइप लाईन खन्ने काम, पाइप खरिद कार्य र पाइप लाइन पुर्ने काम गरेकोमा पाइप खरिद कार्य भन्दा

पाइप लाइन खन्ने तथा पुर्ने कार्यमा कम परिमाण देखाएको पाइयो । यसरी पाइप खरिद र खन्ने काम मात्रले कार्यसम्पन्न नहुने साथै पुर्ने कार्य नराख्दा विच्छ्याइएका पाइप समेत सुरक्षा हुन नसक्ने देखिएकोले कार्यालयले यस्तो कार्यको लागि लागत अनुमान गर्दा नै विचार पुर्याउनु पर्ने देखिन्छ । उक्त कार्य उपभोक्ता समितिबाट गराएको अवस्थामा नापी किताबमा उल्लेख गरी उपभोक्ताको जनसहभागितामा समावेश गर्न सकिने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । यसका केही उदाहरण निम्नानुसार छन् ।

| **योजनाको नाम** | **पाइप लाइन खन्ने कार्य मिटर** | **पाइप लाइन पुर्ने कार्य मिटर** | **पाइप खरिद मिटर** |
|---|---|---|---|
| तल्लो अरले खानेपानी योजना | २७५० | २७५० | ५८०४ |

४९ **कृषि अनुदानको उपयोग** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले वितरण भएको अनुदानको सही उपयोग भए/नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको पाइएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको समेत देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यो वर्ष पालिकाले दुग्ध मिशन अन्तर्गत चौरी प्रवर्द्धन कार्यक्रम गर्दा रु.७८७५००।- कालिन्चोक व्यावसायिक चौँरी पालक कृषक समूहलाई ५० प्रतिशत अनुदान दिएकोमा सोमा समूहले ५० प्रतिशत रकम थप गरी २१ वटा चौरी गाई रु.१५७५०००।- मा खरिद गरेको पाइयो । उक्त चौँरी गाईहरुको बीमा नगरेको र खरिद पशुको स्वास्थ्य जाँच नभएको, साथै खरिद तथा वितरणपछिको अवस्था सम्बन्धमा अनुगमन गरेको समेत नदेखिएकोले यस सम्बन्धमा सुधार हुनुपर्ने देखिन्छ ।

५० **बीमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरीने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बीमा नगराई नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाई बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

| **योजनाको विवरण** | **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा बीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| कुभिण्डे नरभुइँ हिलेपानी सडक स्तरोन्नति | KRM/NCB/WORKS/ DOLAKHA/03/2079-80 | श्री ए-वान निर्माण सेवा | ४८५८६५३ | ६०००० | मेशिन औजार वा प्लान्ट तथा कामदारको बीमा नगरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| यावल खोला वडा कार्यालय तारेभिर विगु सडक निर्माण | KRM/NCB/WORKS/ DOLAKHA/09/2079-80 | खिष्ट निर्माण सेवा | ६६४७३४२ | ६०००० | मेशिन औजार वा प्लान्ट तथा कामदारको बीमा नगरेको |

५१ **नपुग बिल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाबाट भएको देहाय बमोजिमको भुक्तानीमा बिल भरपाई पेश हुँदा भुक्तानी रकम बराबरको बिल भरपाई नपुग देखिएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो.भौ. | कार्यक्रम/योजनाको नाम | फर्म/ आपूर्तिकर्ताको संलग्न बिल | भुक्तानी रकम | पेश भएको विजक रु | नपुग विजक रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १४९-२०७९।१०।२९ | घट्टेखोला कालिञ्चोक सडक स्तरोन्नति | सनमुन बिल्डर्स | ६०००० | ५६१०८ | ३८९२ | भुक्तानी भएको बीमा बापतको रकम भन्दा कम रकमको विजक पेश |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८९२ |

५२ **क्रमागत योजनाको कार्यान्वयन** - पालिकाले प्रदेश समपूरक अनुदान सहितको बजेटको व्यवस्था गरी क्रमागत रुपमा प्रत्येक वर्ष एकै योजनाहरु संचालन गर्दै आएको देखिन्छ । यसरी प्रत्येक वर्ष बजेट विनियोजन गरी Road Upgrading को कार्य गर्ने गरीएकोमा कतिपय कार्य आईटमहरु प्रत्येक वर्ष हुँदै आएकोमा सम्बन्धमा कार्यमा दोहोरोपना हुन सक्ने देखिएको छ । पालिकाले आन्तिरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाएर कार्यमा गुणस्तर र खर्चमा पारदर्शिता सुनिश्चत गर्नुपर्दछ ।

५३ **दोस्रो न्यूनको बोलपत्र स्वीकृत**

५३.१ गुमुखोला स्याउले भदौरे सिमस्वारा पोखरे सडक स्तरोन्नति गर्ने कार्य वडा नं.०७ (ठेक्का नं. KRM/NCB/Works/Dolakha/01/2079-80) कार्यको बोलपत्र आव्हानको सूचना अनुसार नियमानुसार दर्ता भएका बोलपत्रहरूको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गरी सबै भन्दा कम बोल कबोल गर्ने फर्म श्री त्रिजोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. काठमाडौँको कबोल रकम रु.१,११,८०,४४१.५३ (मु.अ.कर समेत) भएको साथै कार्यालयको स्वीकृत लागत इष्टिमेट रु.१९३१८१९४६।- (मु.अ.कर समेत) भन्दा कम भई सारभूत रुपमा प्रभावग्राही भएको देखि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरेकोमा कुनै पनि उजुर नपरेकोले सबै भन्दा कम कबोल गर्ने उक्त बोलपत्रदाताको कबोल रकम रु.१,११,८०,४४१.५३ (मु.अ.कर समेत)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गरी पन्ध्र दिन भित्र सम्झौता गर्न आउन पत्राचार गरेको तर उक्त अवधिमा बोलपत्रदाता सम्झौता गर्न नआएकोले उक्त फर्मले बोलपत्र जमानत बापत राखेको रु.५,००,०००।— जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम कालोसूचीमा राख्न पत्राचार गरी दोस्रो न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही फर्म श्री सनमुन बिल्डर्श प्रा.ली. काठमाण्डौको कबोल रकम रु.१,१३,१८,१४३।४६ (मु.अ.कर समेत) बोलपत्र स्वीकृत गरी सम्झौता गरेको पाइयो।

५३.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरीने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । उक्त आयोजनामा कामदारको बीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ । यसरी बीमा बापतको रकम प्रोभिजनल सम आइटममा राखी भुक्तानी गरेतापनि उक्त रकमवाट मेशिन तथा औजारको मात्र बीमा गराएकोमा कामदारको बीमा नगराएकले नियमावलीले गरेको व्यवस्था गरे अनुरुप निर्माण कार्य गर्नु अघि अनिवार्य रुपमा नियम बमोजिमको बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

५४ **समपूरक अनुदानको अंश** - प्रदेश सरकारको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ मा आयोजनाको प्रकृति, प्राथमिकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धि, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म रकम प्रदेश सरकारले अनुदानको रुपमा प्रदान गर्न सक्ने र बांकि पचास प्रतिशत रकम सम्बन्धीत स्थानीय तहले जुटाउन पर्ने व्यवस्था रहेको छ । प्रदेश समपूरक अनुदानमा संचालित आयोजनाहरुमा खर्च गर्दा सोही अनुपातमा पचास/पचास प्रतिशतले खर्च व्यहोर्ने गरी भुक्तानी गर्नुपर्नेमा यस पालिकाले प्रदेश सरकारबाट व्यहोरिने अंश भन्दा न्यून हुने गरी पालिकाले खर्च गरेको पाइयो । सम्झौता अनुसार तोकिएको अवधिमा योजना कार्यान्वयन गर्न नसक्ने र वर्षको अन्त्यमा बजेट फ्रिज नगराउने उद्देश्यले सम्झौता विपरित खर्च गर्नु नियमसम्मत देखिएन ।

५५ **अधुरा आयोजना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने र यसरी गरीने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.१०३४९९६७।- को १ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नं. | योजना/कार्यक्रम | निर्माण व्यसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|---|
| ०४-२०७८।७९ | जैशीटोल टुटुवान सडक स्तरोन्नति | देवी रमण कन्स्ट्रक्सन | १०३४९९६७।८१ | २०७८।१०।२६ | २ | ६१.७२ प्रतिशत भौतिक प्रगती |

५६ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको कार्यको वास्तविक कार्यमूल्यांकनको आधारमा दिनुपर्ने भन्दा बढी भुक्तानी दिएकोमा भेरिएशन स्वीकृत भएको समेत नपाइएकोले बढी भुक्तानी भएको रु.३५७०२०।- असुल हुनुपर्ने रु

| भौ.नं./ठेक्का नं. | कार्यक्रम/योजनाको नाम | भुक्तानी लिने फर्म/उपभोक्ता समिति | सम्झौता/मूल्यांकन रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ०२-२०७९।८० | कटुवाचौर ढिकाडाँडा सुन्द्रावती सडक स्तरोन्नति | सनमुन बिल्डर्स प्रा.लि. | ५४४७३११ | ५४७०३२१ | २३०१० |
| ०७-२०७९।८० | गुजर्पा टुटुवान सडक स्तरोन्नति | सनमुन बिल्डर्स प्रा.लि. | १०४९६८२६ | १०५०४३७९ | ७५५३ |
| ०८-२०७९।८० | झोरुङ्ग खोला फलाटे बाघखोर सडक स्तरोन्नति | बैतेश्वर निर्माण सेवा | ५३९५३१० | ५३३२१८४ | ६३१२६ |
| १०-२०७९।८० | स्वास्थ्य चौकी भवन निर्माण वडा नं.५ | जि.बि. इन्टरनेशनल बिल्डर्स प्रा.लि. | ७४१०४११ | ७४१२७७९ | २३६८ |
| १९-२०७९।८० | घट्टेखोला कालिञ्चोक सडक स्तरोन्नति | विष्णु कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स प्रा.लि. | ३७८८१३३ | ३८३६८७६ | ४८७४३ |
| ०२-२०७८।७९ | सुनखानी साङ्वा सडक स्तारोन्नती | साकुरा निर्माण सेवा प्रा.लि. | ११६६५७८२ | ११८७८००२ | २१२२२० |
| | **जम्मा** | | | | **३५७०२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५७,०२० |

५७ **डि.पि.आरको कार्यान्वयन अवस्था** - यस आर्थिक वर्षमा पालिकाले देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराएको पाइयो -

| क्र.स | डि.पि.आर. भएको आर्थिक वर्ष | योजना वा कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | २०७९/८० | पिखुती पैयूस्वारा लिफ्टीङ खा. पा. | मारुती डिजाईनर्स प्राली | ७३०२७८.०४ | ६९२६९० |
| २ | २०७९/८० | केशीखेत लिफ्टीङ खा.पा. | ब्रिक कन्सल्ट प्रा ली | ७३४७९६.६३ | ६९४९५० |
| **जम्मा** | | | | **१४६५०७४.६७** | **१३८७६४०** |

उपर्युक्त विवरण अनुसार पालिकाले यस वर्ष खानेपानी लगायतका कार्यमा परामर्श विधिबाट २ वटा सेवा खरिदका लागि जम्मा रु.१३८७६४०।०० को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.४९७२००।०० भुक्तानी गरेको पाइयो । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५८ **नन्फाइलर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्वन्धीत कर अधिकृत समक्ष पेश गर्नु पर्ने उल्लेख छ । यस सम्वन्धमा अर्थ मन्त्रालयको चलानी नं ३२७, मिति २०७७।०८।०९ को पत्रले आयकर तथा मूल्य अभिवृद्धि कर दुवैतर्फ विवरण नवुझाएकालाई विवरण पेश गर्न बाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको पाइयो । जसअनुसार तोकिएको समयमा कर विवरण दाखिला गर्नुपर्नेमा देहायका निर्माण व्यवसायीले समयमा विवरण दाखिला गरेको नदेखिएकोमा समेत भुक्तानी भएको देखिन्छ । यसरी निर्माण व्यवसायीलाई भुक्तानी गरेको मु.अ.करको विवरण बुझाएको नदेखिएकोले मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ. | फर्म/ आपूर्तिकर्ताको संलग्न बिल | प्यान नं. | जारी गरेको बिजक नं. | भुक्तानी/ बिजक रकम रु. | मु.अ.कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| १४९-२०७९।१०।२९ | श्री ए-वान निर्माण सेवा | ६८१२३३२६३ | ००१ | ११७१३९९ | १३२५७४ | २०७९।M।८ |
| १९७-२०७९।१२।६ | श्री ए-वान निर्माण सेवा | ६८१२३३२६३ | ००३ | १४९३२९६ | १७१७९५ | २०७९।M।८ |
| १९७-२०२८।१।२४ | श्री ए-वान निर्माण सेवा | ६८१२३३२६३ | ००४ | २०८९४७७ | २४००५० | २०७९।M।८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४७-<br>२०८०।३।२२ | श्री ए-वान निर्माण सेवा | ६८१२३३२६३ | ००६ | ३६०७२७ | ३६९९७ | २०७९।M।८ |
| १५-<br>२०८०।२।३१<br>१८-<br>२०८०।३।६ | थापा ब्रदर्स निर्माण सेवा | ६०९९३३६०८ | ०१७ | २१८९०५५ | २५१८३८ | २०७९।M।११ |
| ३१-<br>२०८०।३।२४<br>२९-<br>२०८०।३।२४ | थापा ब्रदर्स निर्माण सेवा | ६०९९३३६०८ | ०४० | २८६९०५८ | ३३००६८ | २०७९।M।११ |
| ३६९-<br>२०८०।३।२४ | देवी रमण कन्स्ट्रक्सन प्रा.लि. | ३०१४७०१८२ | ०२४ | ४३८८०६८ | ५०४८२१ | २०७९।M।१ |
| ३०३-<br>२०८०।२।२८<br>३५४-<br>२०८०।३।२३ | देवी रमण कन्स्ट्रक्सन प्रा.लि. | ३०१४७०१८२ | ०२१ | ३०००००० | ३४५१३२ | २०७९।M।१ |
| ३६४-<br>२०८०।३।२३ | देवी रमण कन्स्ट्रक्सन प्रा.लि. | ३०१४७०१८२ | ०२३ | ३००६५० | ३४५८८ | २०७९।M।१ |
| | **जम्मा** | | | | **२०४७८६३** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,४७,८६३ |

५९ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

६० **उपभोक्ता समिति परिचालन सम्बन्धमा -** पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन्।

६०.१ **उपभोक्ता समिति दर्ता -** संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम

सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

६०.२ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धीत प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरीने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धीत योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्वन्धीत प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।

६०.३ **मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरीने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएनकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

६०.४ उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने गरेको पाइएन । त्रुटि सच्याउने अवधिसम्मको लागि धरौटी कट्टा गरी राख्ने व्यवस्था हुन उपयुक्त हुने देखिन्छ।

६०.५ खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

६१ **अनुत्पादक क्षेत्रमा लगानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा पालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्

| भौ.नं./मिति | योजनाको नाम | रकम रु. |
|---|---|---|
| ३२४-२०८०।३।१० | तारेभिर गुम्बा निर्माण | ३००००० |
| ३४०-२०८०।३।२० | वाल उद्यान पार्क निर्माण | २५०००० |
| ३२०-२०८०।३।६ | क्यान्डि सामुदायिक भवन निर्माण | ३००००० |
| १७२-२०७९।११।२१ | तल्लो करमथली सेतीदेवी मन्दिर निर्माण | ४००००० |
| २३६-२०८०।१।६ | बोजेनी समाजघर निर्माण | ५००००० |
| ५४-२०७९।७।२२ | बोजेनी चर्चघर निर्माण | ५००००० |
| १३३-२०७९।१०।१३ | घर्तिनी खेल मैदान निर्माण | १७५००० |

अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरीनुपर्दछ ।

६२ **उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरीने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन। उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर गुणस्तर सुनिश्चितत गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

६३ **आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चाचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

६४ **उपभोक्ता समितिबाट वडा कार्यालयको मालसामान खरिद** - सार्वजनिक खरिद नियममावली, २०६४ को नियम ९७ अनुसार सामान खरिद कार्य उपभोक्ताबाट गराउन मिल्ने व्यवस्था गरेको देखिएन । खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धी बिधिबाट खरिद गर्नुपर्ने साथै सम्बन्धित फर्मलाई भुक्तानी गर्नसपर्नेमा देहायको मालसामान खरिद उपभोक्ता समितिबाट गर्नु नियमसंगत देखिएन ।

| भौ.नं. र मिति | खरिद सामान | भुक्तानी पाउने | रकम रु. |
|---|---|---|---|
| २९८-२०८०/२/२५ | पर्दा, सोफा, विद्युतीय सामान | वडा कार्यालय भौतिक व्यवस्थापन उपभोक्ता समिति | ९७०००० |

६५ **सेवा करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी, सवारी चालक, माली, वगैंचे, चौकीदार, कार्यालय सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा उल्लेख छ । तर पालिकाले गत विगत वर्षदेखि सेवा करारमा राख्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी यस वर्ष मात्र रु.४५६०८१६।- भुक्तानी भएको छ। स्थानीय सरकार गठन भएको ५ वर्ष पुरा भएको, यस अवधिमा शुरु वर्ष लोकसेवा आयोग (संघ) बाट पदपूर्ति भएको तथा पटक पटक प्रदेश लोकसेवा आयोगबाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपूर्ति माग गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । अतः ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्य नियमसम्मत देखिएन ।

| सि नं. | पद | कर्मचारीको नाम | मासिक तलब | चाडपर्व समेत वार्षिक पारिश्रमिक |
|---|---|---|---|---|
| १. | ईन्जिनियर | श्री सागर शर्मा | ४३६८९ | ५६७९५७ |
| २. | सूचना प्रविधि अधिकृत | श्री सौगात थापा | ४३६८९ | ५६७९५७ |
| ३. | सब ईन्जिनियर | श्री नन्द प्रसाद शिवाकोटी | ३४७३० | ४५१४९० |
| ४. | कम्प्युटर अपरेटर | श्री राम ब. ओली | ३४७३० | ४५१४९० |
| ५. | अ.स.ई. | श्री कृष्ण प्र. शिवाकोटी | ३४७३० | ४५१४९० |
| ६. | स.क.अ. | श्री नवीन प्रसाद सुबेदी | ३२९०२ | ४२७७२६ |
| ७. | अ.मि.न. | श्री शिवहरि सेढाईं | २४००० | ३१२००० |

| | | | | |
|---|---|---|---|---|
| ८. | अ.स.ई. | श्री रामकाजी श्रेष्ठ | ३४७३० | ४५१४९० |
| ९. | अ.स.ई. | श्री सुशिल पकुवाल | ३४७३० | ४५१४९० |
| १०. | अ.स.ई. | श्री प्रकाश थामी | ३२९०२ | ४२७७२६ |
| **जम्मा** | | | **३५०८३२** | **४५६०८१६** |

६६ **पदाधिकारी सुविधा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गो.भौ.नं. ८४।२०७९।६।२५ बाट २०७९ असोज महिनाको पदाधिकारी सुविधा भुक्तानी गरी भौचर नम्बर ९९ को कारोबारको व्यहोरामा गौ.नं. ८४ को हिसाब मिलान गरेको उल्लेख गरी पुनः खर्च भौचर उठाई पारिश्रमिक दोहोरो हुने गरी भुक्तानी खर्च लेखेको देखिएकोले यस सम्बन्धमा यकिन गरी दोहोरो भुक्तानी भएको अवस्थामा सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.५७४५००।००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७४,५०० |

६७ **जनप्रतिनिधिहरुको आन्तरिक भ्रमण खर्च** - गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७ मा अध्यक्ष, उपाध्यक्ष र सभाका सदस्यले गाउँपालिकाको कामको सिलसिलामा आफ्नो पालिका क्षेत्र भित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने उल्लेख छ । पालिकाले आर्थिक वर्षको अन्त्यमा वडाध्यक्ष ९ जनालाई लाई रु.७००००।०० का दरले र कार्यपालिका सदस्य ५ जनालाई रु.३००००।०० का दरले गरी जम्मा रु.७८००००।०० भ्रमण खर्च भुक्तानी दिएको पाइयो। पालिकाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ सँग बाझिने गरी अनुगमन तथा मूल्यांकन कार्यविधि, २०७५ जारी गरेको र सो अनुसार देहायबमोजिम रु.७८००००।- अनुगमन भत्ता भुक्तानी गरेकोले उक्त खर्च अनियमित देखिएको रु.

| सि.नं. | पद | नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | वडाध्यक्ष | श्री पदम बहादुर थामी | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| २. | वडाध्यक्ष | श्री हेम बहादुर पाण्डे | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| ३. | वडाध्यक्ष | श्री दल बहादुर तामाङ्ग | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| ४. | वडाध्यक्ष | श्री दिपक खुलाल | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| ५. | वडाध्यक्ष | श्री सहदेव खडका | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| ६. | वडाध्यक्ष | श्री भरत पाण्डे | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| ७. | वडाध्यक्ष | श्री राम बहादुर पाण्डे | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| ८. | वडाध्यक्ष | श्री सुर्य बहादुर आचार्य | ७०००० | अन्तर वडास्तरिय अनुगमन |

| | | | | |
|---|---|---|---|---|
| ९. | वडाध्यक्ष | श्री राम प्रसाद मैनाली | ७०००० | अन्तर वडास्तरिय अनुगमन |
| १०. | कार्यपालिका सदस्य | श्री विनिता शिवाकोटी | ३०००० | योजना अनुगमन |
| ११. | कार्यपालिका सदस्य | श्री तारा माया थामी | ३०००० | योजना अनुगमन |
| १२. | कार्यपालिका सदस्य | श्री सुनिता कार्की थापा | ३०००० | योजना अनुगमन |
| १३. | कार्यपालिका सदस्य | श्री गोपीनी दर्जी | ३०००० | योजना अनुगमन |
| १४. | कार्यपालिका सदस्य | श्री भवानी थामी | ३०००० | योजना अनुगमन |
| जम्मा | | **७८००००** | | |

| | |
|---|---|
| अनियमित भएको | ७,८०,००० |

६८ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५७ मा कार्यालयले लेखा राख्दा बिल, भरपाई तथा अन्य कागजात सिसिलाबद्ध रुपमा राख्नुपर्ने व्यबस्था छ । पालिकाले देहायको भुक्तानीमा बिल भरपाई भन्दा बढी भुक्तानी गरेको पाइएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.९९५५

| गो.भौ.नं. र मिति | विवरण | बिल रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| ४१२।०८०।१।२६ | श्री सुनिल बुढाथोकी | ८९३१४ | ९९२६७ | ९९५३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९५३ |

६९ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५७ मा कार्यालयले लेखा राख्दा बिल, भरपाई तथा अन्य कागजात सिसिलाबद्ध रुपमा राख्नुपर्ने व्यबस्था छ । गो.भौ.नं. ६२१।०८०-३-२४ बाट दीक्षण मिडिया प्रा.लि.ले पेश गरेको सूचना प्रकाशनको बिल रकम रु.५१३६०।०० मा २५ प्रतिशत छुट उल्लेख गरी सो बराबर हुने रकम रु.१२८४०।०० घटाउनु पर्नेमा रु.६४२०।०० मात्र घटाई बिल पेश गरेकोले बढी भुक्तानी देखिएको हुँदा भुक्तानी बढी रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| फर्मको नाम | भुक्तानी रकम | २५ प्रतिशत छुट हुँदा | बढी भुक्तानी |
|---|---|---|---|
| दीक्षण मिडिया प्रालि | ५०७८२ | ४३५२७ | ७२५४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२५४ |

७० **बढी व्ययभार** - दोलखा जिल्लाको ज्याला तथा निर्माण सामग्रीहरुको स्वीकृत दररेट, २०७९।८० मा बंगुरको पाठा पाठीको दर प्रति पशु रु.५०००।०० उल्लेख छ । यस गाउँपालिकाले गो.भौ.नं. ५९०।२०८०-३-२१ बाट दलित क्षमता तथा सिप विकास कार्यक्रममा तामाकोशि बहुउद्देश्यिय कृषि पशुपंक्षी तथा मत्स्य पालन फर्मबाट रु.९८००।०० का दरले २४ वटा बंगुरका पाठापाठी रु.२६४६००।०० मा खरिद गरी वितरण गरेको पाइयो । जिल्ला दररेट भन्दा प्रति पाठापाठीको रु.४८००।०० का दरले बढी भुक्तानी भएको रु.११५२००।०० कार्यालयलाई थप व्ययभार परेको छ । कार्यालयले खर्चमा मितव्ययीता अपनाउनु पर्दछ ।

७१ **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा तोके बमोजिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. ४८७।२०८०-३-१ बाट जिल्ला खेलकुद विकास समितिले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी स्वंयसेवकलाई भुक्तानीमा रु.३७५०।०० पारिश्रमिक कर कट्टी गरी रु.७५०।०० मात्र दाखिला गरेको देखिएकोले नपुग कर दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

७२ **बिल भरपाई बेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५७ मा कार्यालयले लेखा राख्दा बिल, भरपाई तथा अन्य कागजात सिसिलाबद्ध रुपमा राख्नुपर्ने व्यबस्था छ । पालिकाले तपशीलको भुक्तानी तथा पेश्की फर्छ्यौटमा बिल भरपाई संलग्न गरेको नपाईएकोले बिल भरपाई संलग्न गर्नु पर्दछ अन्यथा असुल उपर गरी दाखिला गर्नुपर्ने रु.

| **भौ.नं.र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १२७।२०७९।७।२४ | राजाराम ढुंगानाको गत आवको पेश्की फर्छ्यौट | १४५५०० |
| १५९३।२०८०।३।२२ | च्योमोलोङमा मिडिया प्रा.लि.लाई भुक्तानी | ५०००० |
| **जम्मा** | | **१९५५००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,५०० |

७३ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकी विवरण कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरेको तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.२२९८४८।४० भुक्तानी दिएको पाइयो। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ३५७।०७९-१२-१६ | २०७८ श्रावणदेखि २०७९ पौष सम्मको घरभाडा भुक्तानी | ९०००० |
| ४२५।२०८०।१।२८ | रोजगार संयोजकको गत आ.व.को तलव भुक्तानी | १३९८४८.४० |
| **जम्मा** | | **२२९८४८।४०** |

| | |
|---|---|
| अनियमित भएको | २,२९,८४८.४ |

७४ **विद्यालयको नियमन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र पालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो मातहातका सामुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरीक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्वन्धीत खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्र्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुविधा अनिवार्य रुपमा बैंक खाता मार्फत् भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । ऐनमा भएको व्यवस्था बमोजिम नियमित रुपमा अनुगमन तथा नियमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

७५ **दरबन्दी तथा पदपूर्ति** - पालिक अन्तर्गता आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको कर्मचारी दरबन्दी तथा पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको पाइयोः-

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ति | रिक्त संख्या | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|---|
| अस्पताल | १ | १० | ६ | ४ | २१५२ |
| प्राथमिक स्वास्थ केन्द्र | ७ | ३५ | २२ | १३ | १८२०६ |
| आधारभूत/सामुदायिक स्वास्य केन्द्र | ८ | १६ | १३ | ३ | ११०४६ |
| आयुर्वेद औषधालय | १ | २ | १ | १ | ७४७ |
| | **१७** | **६३** | **४२** | **२१** | **३२१५१** |

उक्त विवरण अनुसार पालिकामा १ अस्पताल, ७ प्राथमिक स्वास्थ्य केन्द्र, ८ आधारभूत/सामुदायिक स्वास्य केन्द्र र १ आयुर्वेद औषधालयमा कुल ६३ दरबन्दी रहेकोमा हाल ४२ पद मात्र पूर्ति भएको र २१ रिक्त भएको देखिन्छ । स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुरुप पदपूर्ति नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ ।

७६ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाको कुल दरबन्दीको करिब एक तिहाइ दरबन्दी करारबाट पूर्ति भएको देखिन्छ

। पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ । आर्थिक वर्ष २०७९।०८० मा पालिका अन्तर्गतका ५१ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था देहाय बमोजिम रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची -६** मा रहेको छ ।

उक्त विवरण अनुसार पालिकामा जम्मा २७५ दरबन्दी रहेकोमा १३० जना स्थायी पदपूर्ति र १७२ जना राहत/करारमा नियुक्त गरी जम्मा ३०२ पदपूर्ति गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७७ **विद्यार्थी शिक्षक अनुपात**- संघीय शिक्षा नियमावली अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० विद्यार्थी शिक्षक अनुपात तथ्याङ्क विश्लेषण गर्दा पालिका अन्तर्गतका ५१ वटै सामुदायिक विद्यालयको विद्यार्थी शिक्षक अनुपात राष्ट्रिय दरभन्दा न्यून रहेको पाइयो । हिमाली भेगमा प्रति शिक्षक ४० विद्यार्थी हुनुपर्नेमा एक विद्यालय बाहेक अन्य सबैमा सोभन्दा न्यून मात्र विद्यार्थी रहेको पाइयो । विद्यार्थी:शिक्षक अनुपातको अवस्था देहाय बमोजिम छ । यस सम्बन्धी विवरण **अनुसूची -७** मा रहेको छ।

७८ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्वन्धीत स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । कार्यालयले आ.व. २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

७९ **विद्यालयगत निकासा अभिलेख**- अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

८० **छात्रवृत्ति अनुदान**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने बिल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि छात्रवृत्ति तर्फ निम्न विद्यालयहरुलाइ अनुदान दिएकोमा निम्न

विद्यालयहरुले दिएको अनुदान रकमको छात्रवृत्तिको अनुगमन तथा वितरण गरेको भर्पाइ प्रमाण पेश नगरेकोले अनुगमन प्रतिवेदन तथा भर्पाइ प्रमाण पेश गर्नुपर्ने रु.

| **क.स** | **विद्यालयको नाम** | **निकासा रकम** | **भरपाइ पेश भएको रकम** | **भरपाइ पेश नभएको रकम** |
|---|---|---|---|---|
| १ | भगवती आ.वि | १८९७४ | ० | १८९७४ |
| २ | सुर्योदय प्रा.वि | ४७७६६ | ० | ४७७६६ |
| ३ | बालोदय मा.वि | १०३६५१ | ० | १०३६५१ |
| ४ | सरस्वती प्रा.वि | ८४९ | ० | ८४९ |
| | **जम्मा** | **१७१२४०** | | **१७१२४०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७१,२४० |

८१ **बढी निकासा** - स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्वन्धी यकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइबाट प्राप्त गरी वा अद्यावधिक गरी सोही अनुसार दरवन्दीमा, शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागि विधालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकामा मा व्यव्था रहेको छ। पालिकामा सञ्चालनमा रहेका विधालय कमला प्रा.वि द्वितीय श्रेणी शिक्षक श्री पुष्कर खतिवडा मिति २०८०।२।११ मा राजिनामा स्विकृत गराई अवकाश भएकोमा ग्रेड रकम संञ्चयकोष थप समेत ६४७७।- बढी निकासा भएको तथा कमला प्रा.वि का प्रा.वि द्वितीय श्रेणी शिक्षक श्री जीवनाथ खतिवडा मिति २०८०।१।६ मा राजिनामा स्वीकृत गराई अवकाश भएकोमा ग्रेड रकम संञ्चयकोष थप समेत ८४९१।- बढी निकासा भएको पाइयो । ।यसरी बढी निकासा भएको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.१४९६८।-

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,९६८ |

८२ **प्रति विद्यार्थी लागत** - पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट तथा खर्च | १९१२३५०० | १८९१४२७०४ | १२०२६ | १५७२७।८१ |

उपर्युक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.१५७२७.८१ रहेको देखिन्छ ।

८३ **दिवाखाजा अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। कार्यालयले

तपशिलका विद्यालयहरुलाई दिवाखाजा शीर्षकमा अनुदान दिएकोमा सोको सही उपयोग भए/नभएको सम्बन्धमा अनुगमन गरेको नपाइएको साथै सो खर्चलाइ पुष्टि गर्ने प्रमाण कागजात समेत संलग्न नभएकोले अनुगमन प्रतिवेदन तथा सो खर्चलाइ पुष्टि गर्ने प्रमाण कागजात पेश हुनुपर्ने रु. ८४०६३०।-

| **भौ.न/मिति** | **विद्यालयको नाम** | **निकासा रकम(दोस्रो तथा तेस्रो)** | **भरपाइ पेश भएको रकम** | **भरपाइ पेश गर्नुपर्ने रकम** |
|---|---|---|---|---|
| १०४-०७९।१०।११ | भगवती मा.वि | १८८६१० | ० | १८८६१० |
| | हिलेपानी संस्कृत मा.वि | १५१०३५ | ० | १५१०३५ |
| | निकोभुमे मा.वि | ३१५३९० | ० | ३१५३९० |
| | कालिका मा.वि | १८५५९५ | ० | १८५५९५ |
| **जम्मा** | | | | **८४०६३०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४०,६३० |

८४ **अनुदानको अनुगमन तथा उपयोग** - कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यो वर्ष विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु.११३७०००।-, निःशुल्क पाठ्यपुस्तक बापत रु.३११०३४७।- र दिवा खाजा बापत रु.८८५३००० ।- गरी रु.१३१००३४७ ।- निकासा दिएको पाइयो । उक्त निकासा रकम तोकिएको प्रकृया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको पाइएन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । तसर्थ कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन/मूल्याङ्कन हुनुपर्दछ ।

८५ **कृषि तथा पशु अनुदानको उपयोग** - बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । यस पालिका विभिन्न कृषि तथा पशुपंक्षी कृषक समूह तथा फर्महरुलाई विभिन्न कार्यका लागि अनुदान उपलब्ध गराएकोमा सोको उपयोग स्थिति तथा उपलब्धिको अनुगमन गरेको देखिएन । अतः अनुदान रकमबाट नागरीकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ । यो वर्ष कृषि तथा पशुपालन क्षेत्रमा प्रवाह भएको अनुदानका केही उदाहरण देहाय अनुसार छन्-

| योजनातथा कार्यक्रमको नाम | लाभान्वित संख्या | गाउँपालिकाको अनुदान रकम |
|---|---|---|
| कृषि यान्त्रीकरण तथा प्रविधि हस्तान्तरणमा च्यापकटर ५०प्रतिशत अनुदान कार्यक्रम | ५३ | ११८७२०० |
| डिजेल मिनि टिलर वितरण ५० प्रतिशत अनुदान कार्यक्रम | १६ | ४८०००० |
| पलाष्टिक टनेल र पलाष्टिक मल्चिङ वितरण ५० प्रतिशत अनुदान | ६० | १६६९५० |
| कृषि तथा पशुपन्छि अनुदान कार्यक्रम वडा नं २ मा कृषि मल्टी Crop थ्रिेसर वितरण विवरण ५०प्रतिशत अनुदान | १३ | ३९९७५० |
| दलित लक्षित कार्यक्रम पलाष्टिक टनेल वितरण | ७ | ९९९९४ |
| ७५ प्रतिशत वोयर बोका खरिद | १ | २४९००० |

माथि उल्लिखित अनुदानको उपयोग स्थिति तथा उपलब्धि सम्बन्धमा आवधिक अनुगमन हुने गरेको देखिएन प्राप्त अनुदान रकमबाट कृषकहरुले कृषि तथा पशुधनको बीमा गराएको देखिएन । बीमालाई अनिवार्य गराई अनुदानका क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ। वितरण गरीने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता वृद्धि गर्नुपर्दछ । वितरीत अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा के कति वृद्धि भयो, सोको तथ्याङ्क लिई अनुदानलाई उत्पादकत्वसँग जोड्ने गरी एकीकृत अनुदान नीति तथा कानून तर्जुमा गरी अनुदान दिने व्यवस्था हुनु पर्दछ । अनुदान रकम प्रवाह गरेकै आधारमा वितरित रकमको समुचित उपयोग भएको छ भनी विश्वस्त हुने अवस्था देखिँदैन । निश्चित सूचक तथा मापदण्डको आधारमा अनुदान दिने व्यवस्था हुनुपर्दछ । साथै वितरित अनुदान रकमको स्पष्ट अभिलेख राखी कार्य सम्पादन तथा उपलब्धि स्थितिको नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

८६ **विद्युत महसुल जरिवाना** - नेपाल बिद्युत प्राधिकरणलाई समयमै बिद्युत महशुल भुक्तानी गर्दा सो रकमको केही प्रतिशत छुट रकम प्राप्त हुन्छ । कार्यालयले निम्नानुसार मितिमा नेपाल बिद्युत प्राधिकरणलाई बिद्युत महशुल समयमै भुक्तानी नगर्दा जरिवाना वापत थप दस्तुर थप व्ययभार परेको छ । समयमा दाखिला गरी छुट समेत प्राप्त गर्नुपर्नेमा जरिवाना वुझाउनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ ।

| गो.भा.न/मिति | बिल रकम | जरिवाना प्रतिशत | जरिवाना रकम |
|---|---|---|---|
| **२७५-०८०।३।२२** | ३९२० | २५ | ९८० |
| | ७०६८ | १० | ७०६ |
| | ६८०६ | २५ | १७०१ |
| | ४६३९ | २५ | ११५९ |
| | ९८५७ | २५ | २४६४ |
| | ७११ | १० | ७१ |

| | | | |
|---|---|---|---|
| | ९७८ | १० | ९७ |
| | १९५३ | ५ | ९७ |
| | २६७९९ | २५ | ६६९९ |
| **जम्मा** | ६२७३१ | | १३९७४ |

८७ **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस पालिकाले विभिन्न सप्लायर्सबा रु.५३,५१,६९०।- को औषधि खरिद गरेकोमा निम्न व्यहोरा देखियो ।

- आपूर्ति भएका औषधिका उत्पादकले डब्लु.एच.ओ. बाट असल उत्पादन अभ्यास (Good Mfg. Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेश नभएको ।

- औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने संकेतको प्रमाण संलग्न नभएको ।

- खरिद भएका औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।

- आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको ।

- जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

- औषधिको मौज्दात घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(ख) विपरीत एउटै फर्मबाट एक पटकभन्दा बढी खरिद गरेको ।

अतः औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८८ **विज्ञापनमा छुट/ सहुलियत नलिई थप व्ययभार पारेको** - गोरखापत्र संस्थानले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको २०७०।४।२३ को पत्रमा उल्लेख छ । साथै अन्य प्रकाशन संस्थाले समेत सरकारी सूचना विज्ञापनमा २५ देखि ३५ प्रतिशत सम्म छुट दिने गरेको देखिन्छ । यस पालिकाले विभिन्न खरिद कार्यको बोलपत्र/दरभाउको सूचना प्रकाशन गरेको उल्लेख गरी विभिन्न विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा लिनुपर्ने छुट तथा सहुलियत लिएको देखिएन । लिनुपर्ने छुट नलिई विज्ञापन खर्च लेखेको कारण थप व्ययभार परेको रु.३९५१४।-

| गो.भौ-/मिति | विज्ञापन एजेन्सीको नाम | कुल भुक्तानी रकम | २५ प्रतिशत छुट गर्दा भुक्तानी हुने रकम | फरक रकम |
|---|---|---|---|---|
| १२-०७९।५।२८ | विश्व मिडिया प्रा. लि. | १२४८७५ | ११०१७५ | १४७०० |
| ३०-०७९।६।९ | रेडपाण्डा एड लिङ्क प्रा. लि. | ८९९०२ | ७९३२६ | १०५७६ |
| २२२-०८०।३।१० | कृएटिभ मिडिया प्रिन्ट प्रा. लि. | १२१०२३ | १०६७८५ | १४२३८ |
| **जम्मा** | | **३३५८००** | **२९६२८६** | **३९५१४** |

| अनियमित भएको | ३९,५१४ |
|---|---|

८९ **उपभोक्ता समितिबाट कार्यक्रम सञ्चालन**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-११-१६ को निर्णयबाट रु.१५५५००० सम्परीक्षण गरिएको ।)***

९० **न्यानो झोला खरिद तथा हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाइ,प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बासुकी मेडिसिन सप्लायर्सबाट रु.२४८६००।- मा २५० थान न्यानो झोला खरिद गरेकोमा २१५ थान विभिन्न स्वास्थ्य चौकीलाई वितरण गरी बांकी रहेको ३५ थान न्यानो झोला स्टोरमा नै मौज्दात रहेको देखिन्छ । अतः मौज्दातमा रहेका न्यानो झोला सम्बन्धित मस्वास्थ्य चौकीलाई हस्तान्तरण गरी सेवाग्राहीलाई वितरण गर्नुपर्दछ।

९१ **बिलम्ब शुल्क -** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा २७ मा कुनै ठेकदारले आफुले गरेको कबुलियत बमोजिम काम नगरेमा नेपाल सरकारलाई भएका नोक्सानी र नेपाल सरकारले ठेकदारबाट लिनुपर्ने बाँकी र त्यसको दश प्रतिशत सूद समेत सो ठेकदारले राखेको धरौटीबाट असुल नभए निजबाट कानुन बमोजिम असुलउपर हुने उल्लेख छ । गाँउपालिकाले निम्नानुसार ढुँगा, गिट्टी र बालुवाको ठेक्का वापत ठेक्का सकार गर्ने २ वटा ठेकेदारले समयमै राजस्व दाखिला नगरेको कारण नियमानुसारले हुने १० प्रतिशत बिलम्ब शुल्क असुलउपर गर्नुपर्ने रु.

| ठेक्का नं. | ठेकेदारको नाम | भुक्तानी गर्नुपर्ने राजस्व | बिलम्ब शुल्क |
|---|---|---|---|
| बेनिश्वाँरा क्षेत्र ठेक्का नं.०७ | रामकिसु कन्सट्रक्सन | पहिलो किस्ता रु४३०९१०।०० फागुन, दोस्रो किस्ता रु. ४३०९१० ।०० बैशाख र तेस्रो किस्ता रु. ४३०९००।०० जेठ मसान्तभित्र दाखिला गर्नुपर्नेमा (पहिलो किस्ताको ११८ दिन ढिला दोस्रो किस्ताको ५७ दिन ढिला र तेस्रो किस्ताको २५ दिन ढिला दाखिला भएको कारण नियमानुसार बिलम्ब शुल्क लागेको) २०८० अषाढ २५ मा बैंक दाखिला भएको | २३६११ |
| सिंगटी/चप्लेटी क्षेत्र ठेक्का नं.०१ | हिमाली देवढुङ्गा निर्माण सेवा | पहिलो किस्ता रु.१०५५००० ।०० मंसीर, दोस्रो किस्ता रु. १०५५०००।०० फागुन र तेस्रो किस्ता रु. १०५४०००।०० जेठ मसान्त भित्र दाखिला गर्नुपर्नेमा (पहिलो किस्ताको १९२ दिन ढिला दोस्रो किस्ताको १०२ दिन ढिला र तेस्रो किस्ताको १२ दिन ढिला दाखिला भएको कारण नियमानुसार बिलम्ब शुल्क लागेको)२०८० असार १२ मा बैंक दाखिला भएको। | ५५१२२ |
| **जम्मा** | | | ७८७३३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,७३३ |

९२ **अनुदानको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। र्यालयले तपशिलका संस्थाहरुलाई विभिन्न शीर्षकमा अनुदान दिएकोमा सोको सही उपयोग भए/नभएको सम्बन्धमा अनुगमन गरेको नपाइएको साथै सो खर्चलाइ पुष्टि गर्ने प्रमाण कागजात समेत संलग्न नभएकोले अनुगमन प्रतिवेदन तथा सो खर्चलाइ पुष्टि गर्ने प्रमाण कागजात पेश हुनुपर्ने रु.२०००००।-

| भौ.न/ मिति | विवरण | अनुदान गएको कार्यलय | रकम |
|---|---|---|---|
| २७-०७९।११।१९ | न्युनतम सेवा मापदण्ड सुधारका लागि स्वास्थ्य संस्थालाई अनुदान | लपिलाङ स्वास्थ्य चौकी | ५०००० |
| | | लामिडाँडा स्वास्थ्य चौकी | ५०००० |
| | | सिंगटी प्राथमिक अस्पताल | ५०००० |
| | | बाबरे स्वास्थ्य चौकी | ५०००० |
| | **जम्मा** | | २००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

९३ **प्रविधि हस्तान्तरण -** लघु उद्यमीलाई बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरीने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यावसायिक योजना अनुसार कार्यक्रम र बजेटको परिधिभित्र रही लघु उद्यमी, लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा रहेको छ । यसरी हस्तान्तरण भएका प्रविधिहरुको कुल अंकको कम्तीमा वीस प्रतिशत रकम उद्यमीलाई जम्मा गर्न लगाउनु पर्नेमा कार्यालयबाट देहायको सामान रु.५८१६०८।- मा खरिद गरी हस्तान्तरण गर्दा खरिद मूल्यको २० प्रतिशतले हुने रु.११६३२१।- संघीय राजस्व खातामा दाखिला गरेको प्रमाण हुनुपर्ने रु.

| **भौ नं. र मिति** | **खरिद सामान** | **खरिद रकम** | **२० प्रतिशतले हुने रकम** |
|---|---|---|---|
| २६२-०८०।३।२१ | किवीको अचार बनाउने सामान | ११६१७ | २३२३ |

***...... (प्रारम्भिक प्रतिवेदन उपर असुल गरेको प्रमाण पेश भएको आधारमा मिति* २०८०-११-२४ *को निर्णयबाट रु.११३९९८ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३२३ |

९४ **आन्तरिक आयको स्थिति** - पालिकाले यस आर्थिक वर्ष देहाय बमोजिम राजस्व संकलन गरेको पाइयो ।

| **वडा** | **मालपोल तथा अन्य नगदी रसिदबाट उठेको राजस्व** | **दाखिला गरेको राजस्व** |
|---|---|---|
| १ | ११८२०५.१० | ११८२०५.१० |
| २ | ३१६०७१.३१ | ३१६०७१.३१ |
| ३ | १८८७२८.६९ | १८८७२८.६९ |
| ४ | ११६३३७.४१ | ११६३३७.४१ |
| ५ | १३३६२८.०३ | १३३६२८.०३ |
| ६ | १३३६७३.९६ | १३३६७३.९६ |
| ७ | २६४५११.७८ | २६४५११.७८ |
| ८ | १०७८९६.७२ | १०७८९६.७२ |
| ९ | २२४८४९.०२ | २२४८४९.०२ |
| पालिका | ३४५१०१ | ३४५१०१ |
| **जम्मा** | **१९४९००३.०२** | **१९४९००३.०२** |

९५ **स्पेसिफिकेसन नखुलाएको -** हिलेपानी संस्कृत मा.वि लाइ शैक्षीक गुणस्तर सृढिकरण एवंम कार्यसम्पादन मा आधारित प्रोत्साहन अनुदान अन्तर्गत रु.५१७६९८। मा -४ थान DELL I5 laptop, १ थान printer cannon 2206 तथा ३ थान डेक्सटप HP खरिद गरी सो सामग्री दाखिला गर्दा स्पेससफिकेसन नखुलाई laptop, printer तथा डेक्सटप मात्र भनी दाखिला गरेको पाइयो ।यसरी दाखिला गर्दा सम्पत्ति हिनामिना हुन सक्ने हुँदा जिन्सी दाखिला गर्दा अनिवार्य रुपमा स्पेशिफिकेशन खुलाउनु पर्दछ।

९६ **मनोरञ्जन कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाँउपालिकाले गर्ने भन्ने व्यवस्था रहेको छ । गाँउपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको छैन । ऐन अनुसार कर उठाउन पालिकाले तदारुकता देखाउनुपर्दछ ।

९७ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५८** मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्ने ब्यवस्था छ । गाँउपालिकाले यस आर्थिक वर्षमा व्यवसाय कर वापत कुनै आम्दानी गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्राधिकार भित्र व्यवसाय दर्ता भएका व्यवसायहरुको अद्यावधिक अभिलेख राखी करको दायरा विस्तार गर्नुपर्दछ ।

९८ **भ्रमण आदेश स्विकृत बेगर खर्च -** (२९६-२०८०-३-२३) भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्न नहुने भन्ने व्यवस्था भएकोमा स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठकमा जांदा अहेव,अनमि तथा हे.अ लगायत १६ जनाले भ्रमण स्विकृत नगरी भ्रमण गरी रु.१३८९५० खर्च लेखेको पाइयो।यसरि नियमावलि विपरित खर्च लेखेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,३८,९५० |

९९ **मुर्रा भैंसी अनुदान -** बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वियन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । यस पालिका विभिन्न कृषि तथा पशुपंक्षी कृषक समूह तथा फर्महरुलाइ निम्न कार्यका लागि अनुदान उपलब्ध गराएकोमा सोको उपयोग स्थिति तथा उपलब्धिको अनुगमन गरेको देखिएन । अतः अनुदान रकमबाट नागरिकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ पालिकाले कार्यविधि निर्माण गरी ७५ प्रतिशत अनुदानमा भैंसी खरिद तथा गोठ निर्माणका लागि देहायका कृषि फर्म तथा समुहलाई रु. ८२,१८,०६८।- अनुदान दिएको पाइयो । प्याकेज बनाएर खरिद गरी पालिकाले वितरण गर्नुपर्नेमा फर्म तथा समूहलाई सोझै अनुदान दिएको देखिन्छ । अनुदानबाट खरिद गरिएका भैंसी मुर्रा जातिका हुन् भनी यकिन गर्ने प्रमाण समेत पेश गरेको देखिदैंन । अतः यसरी अनुदान दिने कार्यलाई व्यवस्थित गरिनुपर्दछ ।

| भौ.न/मिति | अनुदान पाउने फर्म तथा समुह | भैसी संख्या | अनुदान रकम |
|---|---|---|---|
| ५-०७९।१०।६ | सहयात्री कृषक समुह | ८ | १०००००० |
| १२-०७९।११।१४ | सेतीदेवी साझेदारी कृषि पशुपक्षी तथा मत्स्य फर्म | ७ | १०००००० |
| ११-०७९।११।३ | बम बहादुर पशुपंक्षी तथा कृषक समुह | ७ | १०००००० |
| ९।०७९।१०।२० | भगवती कृषि तथा पशुपंक्षी पालन समुह | ४ | ५००००० |
| ८-०७९।१०।१८ | शिशिर कृषि तथा पशुपालन कृषक समुह | ४ | ५००००० |
| ६-०७९।१०।१५ | सहयोगी पशुपक्षी तथा कृषक समुह | ३ | ५००००० |
| १९-०७९।१२।६ | भिरखर्क व्यावसायिक कृषि समुह | ७ | १०००००० |
| २९।०८०।३।४ | चमत्कार दुग्द उत्पादन समुह | ७ | १०००००० |
| १६।०७९।१२।६ | श्री सेतीदेवी कृषि पशुपक्षी कृषक समुह | ६ | ८२३३५२ |
| ३९-०८०।३।२३ | भद्रावती कृषि उत्पादन कृषक समुह | ६ | ८९४७१६ |
| **जम्मा** | | **५९** | **८२१८०६८** |

१०० **संगठन तथा व्यवस्थापन सर्वेक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था गरेको पाइयो । जस अनुसार स्थानीय तहहरुले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वक्षणका आधारमा विषयगत शाखा/महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने, त्यस्तो संरचनामा वडा कार्यालयको संगठन संरचना समेत समावेश हुनुपर्ने, कार्यबोझ समेतलाई विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी यकिन गर्नुपर्ने, कर्मचारीको दरबन्दी यकिन गर्दा कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी, उपदान वा निवृत्तभरण कोष, औषधी उपचार खर्च, विदाको रकम जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरवन्दी स्वीकृत गरेर कर्मचारी भर्ना गर्नुपर्ने हुन्छ । तर पालिकाले ऐनमा भएको यो व्यवस्थाको पालना नगरी विभिन्न पदमा सेवा करारमा कर्मचारी भर्ना गरेको देखिएको छ । कार्यबोझ समेत विश्लेषण नगरी एउटै वडा कार्यालयमा दुई दुई जना कार्यालय सहयोगी भर्ना गरेको देखिएको छ । यसले कार्यालयको खर्चमा मितव्ययिता कायम भएको देखिदैन। तसर्थ पालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वक्षण गरी सो आधारमा तयार गरेको संगठन संरचना स्वीकृत गरेर मात्र करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने देखिन्छ ।

१०१ **आन्तरिक आयको अनुमान सम्बन्धमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुख संयोजक रहने गरी राजश्व सम्वन्धी परामर्शको लागि ७ सदस्यीय स्थानीय राजश्व परामर्श समिति रहने व्यवस्था गरेको पाइयो । सोही दफाको उपदफा २ मा स्थानीय राजश्व परामर्श समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्वको दर, क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने जस्ता विषय उल्लेख छ । यस

गाउँपालिकाको राजश्व परामर्श समितिले गत आ व २०७९/८० को लागि कूल रु. १,९२,१०,०००/- आन्तरिक आम्दानी प्राप्त हुने अनुमान गरेको भए तापनि सो वर्ष जम्मा रु ८८,६८,०३९/०८ मात्र असुल भएकोले अनुमानित राजश्व र असुल भएको राजश्व बीच धेरै भिन्नता रहेको देखियो । राजश्व परामर्श समितिले आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आन्तरिक आयको विश्लेषण र अनुमान गर्दा राजश्वको क्षेत्र, श्रोत, दायरा र दरको तथ्यांक परक रुपमा प्रयाप्त विश्लेषण गरेर मात्र अनुमान गर्नुपर्दछ ।

१०२ **कार्यक्रमको लागत अनुमान स्वीकृति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त नियमावली २०७७ को नियम ३९ को उपनियम ७ मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्टी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्नेछ भन्ने व्यहोरा उल्लेख भएको भएता पनि यस कार्यालय तथा वडा कार्यालय, स्वास्थ्य संस्थाहरुले सञ्चालन गरेका अधिकांश तालिम, सेमिनार, गोष्टी, कार्यशाला जस्ता कार्यक्रमको लागत अनुमान स्वीकृत गरेको नदेखिएकोले यस्ता कार्यक्रमहरु सञ्चालन गर्नु अघि अनिवार्य रुपमा त्यस्ता कार्यक्रमहरुको लागत अनुमान स्वीकृत गर्नुपर्दछ ।

१०३ **वडा समितिको बैठक तथा संचालन खर्च** - गाउँपालिकाको प्रत्येक वडामा महिनामा ३ वटा वडा समितिको बैठक बसी ६ जनालाई रु.१०००।०० का दरले मासिक रु.१८०००।०० ले ९ वटा वडाको वार्षिक रु.१८३२०००।०० बैठक भत्ता र विविध खर्च प्रतिवडा मासिक रु.२००००।०० का दरले ९ वटा वडाको वार्षिक २१६००००।०० भुक्तानी गरेको पाइयो । बैठकको माईन्युट परीक्षण गर्दा बैठक बस्नुपर्ने स्पष्ट आधार र औचित्यविना वडा कार्यालयको नियमित प्रकृतिका कार्यमा बैठक बसी विविध खर्च तथा भत्ता रकम भुक्तानी गरेको पाइयो । उदाहरणका लागि गो.भौ.नं. ५५८।२०८०।३।२९ बाट वडा नं. ३ को माघदेखि असारसम्मको २००००।०० का दरले ६ महिनाको रु.१२००००।०० विविध खर्चको बिल भरपाई पेश गरेकोमा मासिक ३ हजारको दरले रु.१८०००।०० को रिजार्ज कार्डको बिल लगायत खाजा नास्ताको बिल भरपाई समावेश गरेको पाइयो । यस्तो खर्च नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

१०४ **वडा कार्यालयबाट खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडा कार्यालयलाई छुट्टै खर्च गर्ने इकाईको रुपमा परिभाषित गरेको देखिँदैन । सम्पूर्ण खर्चको भुक्तानी तथा लेखा राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी पालिका केन्द्रको रहेको र वडा कार्यालयहरु सो मातहतको सेवा प्रवाह गर्ने इकाईको रुपमा रहेको सम्बन्धमा वडा कार्यालय स्वयमले खरिद कार्यमा संलग्न भई तपसिल अनुसार गरेको खरिद नियमसम्मत नदेखिएको रु.

| भौ नं./मिति | खरिद गर्ने निकाय | खरिद गरेको सामान | खरिद रकम |
|---|---|---|---|
| ६०५-२०८०/३/२२ | ३ नं. वडा कार्यालय | त्रिपाल | ५००००/- |

***...... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-११-२४ को निर्णयबाट रु.७७५००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

१०५ **भ्रमण अभिलेख** - भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धीत कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान र मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष अनुगमन, मूल्याङ्कन तथा भ्रमण खर्चमा रु.१८,१८,०६४।- खर्च गरेकोमा भ्रमण खर्च अभिलेख खाता राखेको पाइएन । नियमावलीको व्यवस्थाअनुसार भ्रमण अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

१०६ **भ्रमण खर्च बढी भुक्तानी** - निजामती सेवा ऐन २०४९ ले निजामती कर्मचारीको परिवारको बारेमा गरेको व्याख्या तथा विश्लेषण विपरित गो.भौ.नं. ३३७।२०७९।१२।८ बाट सहायकस्तर तह पाँचौं श्री शैलेश किरण राई चाम्लिङ्गलाई आफ्नो काकाको समेत भ्रमण अभिलेख प्रमाणित गरी हेटौंडादेखि कार्यालय सम्मको भ्रमण खर्च भुक्तानी दिएको र हेटौंडादेखि कालिन्चोक गाउँपालिकासम्मको भ्रमण बिल पेश गर्नु पर्नेमा हेटौडादेखि खोटाङसम्म, खोटाङदेखि काठमाडौं र काठमाडौंदेखि कालिन्चोकसम्मको भ्रमण खर्च रु.३४७००।०० भुक्तानी दिएको देखिएको हुँदा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७०० |

१०७ **सवारी साधन तथा मेशिनर औजार भाडा** - कार्यालयले यसवर्ष सवारी साधन भाडामा रु.११२६९४०।०० खर्च गरेको पाइयो । खर्चका बिल भरपाई परीक्षण गर्दा रकम माग गरेको निवेदन मात्र संलग्न गरी तोक आदेशका आधारमा भुक्तानी दिएको पाइयो । उदाहरणका लागि गो.भौ.नं. १७७।२०७९।९।१ बाट गाउँपालिकामा गाडी प्रयोग गरेको हुनाले भुक्तानी दिनु भनी पेश गरेको निवेदनको आधारमा रु.१४००००।- भुक्तानी दिएको पाइयो । यसरी स्पष्ट प्रयोजन विना सवारी साधन प्रयोग गरी खर्च गर्नु उचित देखिएन ।

१०८ **दोहोरो भुक्तानी सम्बन्धमा** - स्थानीय भत्ता पाउने पदाधिकारी एवं कर्मचारीलाई दैनिक भ्रमण भत्ता, अनुगमन भ्रमण खर्च उपलव्ध गराउँदा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा गर्नुपर्ने व्यवस्था छ । तर यस कार्यालयले पदाधिकारी एवं कर्मचारीलाई दैनिक भ्रमण भत्ता, अनुगमन भ्रमण खर्च उपलव्ध गराउँदा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा गरेको नदेखिएकोले दैनिक भ्रमण भत्ता, अनुगमन भ्रमण खर्च उपलव्ध गराउँदा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ ।

१०९ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष पालिका चालु शिर्षकबाट खाना तथा विविधमा रु.१२,९१,४६२।- खर्च लेखाङ्कन गरेको पाइयो। यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

११० **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आर्थिक

सहायता सम्बन्धी कानून तथा कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्तीहरुलाई अध्यक्षको तोक आदेश तथा कार्यपालिका निर्णय अनुसार औषधी उपचार, किरिया खर्च, दैवी प्रकोप पीडित लगायतका आर्थिक सहायता बापत रु.१४,४३,०००।- वितरण गरेको देखियो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

१११ **अनुदान भुक्तानी -** गो.भौ.नं. ९।२०७९।५।२२ बाट गाउँपालिकाले सशस्त्र प्रहरी बल नेपाल नं.१८ गुल्म हे.क्वा. लाई रु.१०००००।०० र जिल्ला प्रहरी कार्यालय चरिकोटलाई रु.१०००००।०० गरी जम्मा रु.२०००००।०० तोक आदेश बमोजिम अनुदान भुक्तानी दिएको पाइयो । यसरी आफ्नै छुट्टै बजेट तथा अख्तियारी भएको कार्यालयलाई पालिकाले अनुदान दिनु उचित नदेखिएको रु. ***...... (प्रारम्भिक प्रतिवेदन उपर गाउँसभाबाट नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-११-१६ को निर्णयबाट रु.१००००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

११२ **युवा स्वरोजगार साझेदारी कार्यक्रम -** पालिकाले स्वरोजगार तथा रोजगार सिर्जना गर्नको लागि वार्षिक ३.५० प्रतिशत व्याजदरमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग रु.५००००००।०० को सहकार्यमा आधारित साझेदारी कार्यक्रम २०७९।११।१६ मा सम्झौता गरी रु.२५०००००।०० राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा जम्मा गरेको पाइयो । पालिकाको आफ्नो आन्तरिक आय न्यून रहेको अवस्थामा अनुदानबाट प्राप्त रकमलाई यसरी लगानी गरेको उचित देखिएन ।

११३ **विद्यालयको अनुदानको अनुगमन -** विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८०, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालयले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

११४ **शैक्षिक प्रतिवेदन -** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकाले गाउँ/नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । उपदफा (२) मा उपर्युक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

११५ **सामाजिक आर्थिक लेखापरीक्षण अनुदान -** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय मध्ये आधारभूत तह (कक्षा १ देखि ५, कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुको लागि प्रति विद्यालय रु. १०

हजारका दरले र माध्यामिक तह (कक्षा १ देखि १०, कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु. १५ हजारका दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप सञ्चालन गर्नको लागि एकमुष्ट अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ०७९।८० को क्रियाकलाप न.२.७.१३.१० मा उल्लेख छ । पालिकाले यस वर्ष सामजिक तथा आर्थिक लेखापरीक्षण गर्न 49 विद्यालयहरुलाइ रु.५४५०००।- अनुदान निकासा दिएकोमा ३ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पालिकामा उपलब्ध गराएका छैनन्। प्रत्येक वर्ष सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्यको लागि निकासा दिने लिने तर विद्यालयहरुले परीक्षण गराई पारदर्शिता र जवाफदेहिता मूल्याङ्कन नगर्ने प्रचलनले विद्यालयको आर्थिक अनुशासन कायम नहुने अवस्था रहेको छ । अतः निम्न ३ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पेश गर्नु पर्ने रु.

| सि नं | विद्यालयको नाम | सामाजिक आर्थिक लेखापरिक्षण अनुदान |
|---|---|---|
| 1. | श्री निको भुमे मा.वि. | १५००० |
| 2. | श्री निको ससमाई प्रा.वि. | १०००० |
| 3. | श्री निको भगवती प्रा.वि. | १०००० |
| **जम्मा** | | **३५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,००० |

११६ **विद्यालय सुधार (SIP) योजाना** - स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय हरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु. १५ हजार माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई प्रति विद्यालय २० हजार दरले विद्यालय सुधार योजना सञ्चालन कार्यको लागि एकमुष्ट अनुदान निकास दिने र यस प्रकारको अनुदान पाउने विद्यालयले विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेको विवरण अनिवार्य रुपमा स्थानीय निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका-२०७९।८० को कृयाकलाप नम्बर २.७.१३.१० मा उल्लेख छ । यस वर्ष पालिकाले विद्यालय सुधार योजना कार्यको लागि ४५ विद्यालयलाई रु.७३००००। उपलब्ध गराएको र अनुदान उपलब्ध गराएकोमा ३ विद्यालयले विद्यालय सुधार योजना अध्यावधिक गरेको विवरण यस पालिकामा पेश गरेका छैनन। विद्यालय सुधार योजना अद्यावधिक गरेको विवरण पेश नगर्ने विद्यालयलाई यस प्रकारको अनुदान दिन मिल्ने देखिदैन अत यस प्रकारको अनुदान निकासा पाएका तपसिलका ३ विद्यालयले आ. व. ०७९।८० मा विद्यायल सुधार योजना अद्यावधिक गरेको विवरण स्थानीय तहमा पेश गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्वन्धीत विद्यालयबाट उक्त अनुदान फिर्ता प्राप्त गरी संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.

| सि नं | विद्यालयको नाम | विद्यालय सुधार योजना अनुदान रकम |
|---|---|---|
| १ | श्री कमला प्रा.वि | १५००० |
| २ | श्री प्रगतिशील मिलिजुली आ.वि | १५००० |
| ३ | श्री देउराली प्रा.वि | १५००० |
| **जम्मा** | | **४५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००० |

११७ **सेनिटरी प्याड खरिद तथा उपयोग** - विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्वन्धीत विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नुपर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । पालिकाले सेनिटरी प्याड सम्बन्धी कार्यविधिको अनुसूचीमा उल्लेख भए अनुसारको न्यूनतम मापदण्डको पालना नगरी यस आ.व मा निरिजिमा मेडिको सप्लायर्सबाट ५३९४६ प्याकेट सेनिटरी प्याड खरिद गरी रु.१३४१०९७।- खर्च लेखेको छ। सम्वन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरी अभिलेख विद्यालयहरुले पेश गर्नुपर्ने तथा वास्तविक आवश्यकताको आधारमा मापदण्ड अनुसारको खरिद नहुँदा खर्चमा मितव्ययिता तथा गुणस्तर कायम राखेको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड लक्षित वर्गलाई हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,४१,०९७ |

११८ **जिन्सी निरीक्षण सम्बन्धमा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम १ मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडागरी राखिएको जिन्सी के कस्तो अवस्थामा छ भन्ने विषयमा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिक कर्मचारीद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिइ राख्ने व्यवस्था गर्नुपर्ने व्यहोरा उल्लेख गरेको पाइयो । यसरी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको कुनै मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाई त्यस्तो मालसामानको मर्मत संभार र संरक्षण गर्नु गराउनु पर्ने छ भन्ने व्यहोरा समेत उल्लेख गरीएको छ । तर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा व्यवस्था भए बमोजिम जिन्सी निरीक्षण गरेको नपाइएकोले नियममा भएको व्यवस्थाको पालना गरी तोकिए बमोजिम जिन्सी निरीक्षण गरी जिन्सी मालसामानको विवरण अद्यावधिक गर्नुपर्दछ ।

११९ **फरक शीर्षकमा खर्च गरेको** - एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्चको शिर्षक उल्लेख गरेको पाइयो । जस अनुसार जुन खर्च शिर्षकमा बजेट विनियोजन गरेको हो सोही शिर्षकमा खर्च गर्नुपर्ने हुन्छ । तर देहाय अनुसारको कार्यक्रम/आयोजनाहरुमा खर्च शिर्षक संशोधन नगरी खर्च गरेको रकम अनियमित देखिएको रु.

| क्र. सं. | गो. भौ. नं./मिति | बजेट विनियोजन गरेको शिर्षक | खर्च लेखेको शिर्षक | भुक्तनी भएको रकम |
|---|---|---|---|---|
| १ | २९६-२०७९/११/१२ | महिला सिप विकास कार्यक्रम | तिज कार्यक्रम | ७५०००/- |
| | | | अनियमित भएको | ७५,००० |

१२० **आयोजना तथा कार्यक्रम छनौट सम्बन्धमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ देखि १० सम्ममा गाउँपालिका तथा पालिकाको योजना तर्जुमा तथा कर्यान्वियन प्रकृयाको बारेमा उल्लेख गरेको पाइयो । जसमा स्थानीय सरकारले विकासको लागि आवधिक, वार्षिक, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने, मध्यम तथा दीर्घकालिन प्रकृतिका योजनाहरुको सूची तयार गर्नुपर्ने, योजनाको सम्भाव्यता अध्यनको आधारमा स्रोत र साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने विषयमा व्याख्या गरेको पाइयो । तर गाउँपालिकाले आयोजना कार्यक्रम छनौट गर्दा सो ऐनको पालना नगरी सालवसाली रुपमा स-साना टुक्रे आयोजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गरेको पाइएकोले ऐनले व्यवस्था गरे बमोजिम आवधिक, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई सोही योजनाबाट वार्षिक आयोजना तथा कार्यक्रम छनौट गरेर कर्यान्वियन गर्नुपर्दछ ।

१२१ **स्थानीय दर रेट सम्बन्धमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ को उपदफा १ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष सुरु हुनु १५ दिन अगावै तोक्नु पर्ने व्यवस्था भएतापनि गाउँपालिकाले निर्माण सामग्री, भाडा, खाना, खाजा, चिया आदिको न्यूनतम दररेट निर्धारण नगरी विभिन्न समयमा भएको बैठक, सभा, गोष्ठीको खाना, खाजा, चिया, निर्माण सामग्री, भाडा खर्च वापत विभिन्न दररेटमा खर्च लेखेको पाइएकोले कार्यालयले कुनै पनि खर्च लेख्दा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार प्रतिस्पर्धात्मक विधिबाट कायम गरिएको न्यूनतम दररेटमा वा गाउँपालिकाले निर्धारण गरेको न्यूनतम दररेटमा भुक्तानी गर्नुपर्छ ।

१२२ **भ्रमण अभिलेख खाता सम्बन्धमा** - भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ को अनुसूची ६ मा भ्रमणमा खटिने पदाधिकारी एवं कर्मचारीको भ्रमण अभिलेख खाताको सम्बन्धमा व्यवस्था गरेको पाइयो । तर यस कार्यालयले भ्रमण अभिलेख खाता राखेको देखिएन । पालिकाका पदाधिकारी एवं कार्यालयका कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख खातामा अभिलेख नै नगरी भुक्तानी गरेको पाइयो । भ्रमण आदेशमा भ्रमण आदेश नम्वर समेत उल्लेख गरेको छैन । यसले भ्रमण खर्चमा नियन्त्रण र नियमितता भएको छ भन्नेमा विश्वस्त हुन सकिएन । तसर्थ पदाधिकारी एवं कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ताको रकम भुक्तानी गर्दा भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ मा भएको प्रकृया पूरा गरेर मात्र भुक्तानी गर्नुपर्छ ।

१२३ **आम्दानी खर्च सार्वजनिक सम्बन्धमा** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ३, ४ र ५ मा क्रमश प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका तथा पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगित त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठमा पेश गर्नुपर्ने,

गाउँपालिका, पालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, गाउँपालिका तथा नगरपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने कुरा उल्लेख गरेको भएतापनि गाउँपालिकाले ऐनमा भएको व्यवस्था बमोजिम खर्च सार्वजनिक नगरेको पाइएकोले ऐनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ।

१२४ **समानीकरण अनुदानबाट दरबन्दी बाहिरका शिक्षकको पारिश्रमिक** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.८५२५००।- तलब भत्ता भुक्तानी गरेको देखिएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| क्र. सं. | गो. भौ. नं./मिति | विद्यालयको नाम | भुक्तनी भएको रकम |
|---|---|---|---|
| १ | १६४-२०७९/८/२५ | जनकल्याण प्रा वि, वडा नं. ४ | ३०००००/- |
| २ | २५३-२०७९/१०/१५ | गुराँसे प्रा वि, वडा नं. ९ | ५००००/- |
| ३ | ३२७-२०७९/१२/०६ | सित्का मा वि, वडा नं. ७ | ५००००/- |
| ४ | ३४०-२०७९/१२/१० | गुजर्पा आ वि, वडा ६ | ५००००/- |
| ५ | ३५१-२०७९/१२/२१ | तेत्तिसकोटी प्रा वि वडा नं. ४ | १०००००/- |
| ६ | ३८६-२०८०/१/१५ | जनज्योति मा वि वडा नं. ६ | ५००००/- |
| ७ | ४३९-२०८०/२/१० | महादेवश्वर प्रा वि, वडा नं. ३ | २५००/- |
| ८ | ४४४-२०८०/२/११ | बलम्बु आ वि, वडा नं. ५ | ५००००/- |
| ९ | ४८३-२०८०/२/३० | भगवती मा वि, वडा नं. ३ | ५००००/- |
| १० | ५२८-२०८०/३/१६ | कालिनाग मा वि, सिंगटी | ५००००/- |
| ११ | ५४७-२०८०/३/१८ | देउराली प्रा वि, वडा नं. ५ | १०००००/- |
| | जम्मा | | ८५२५००।- |

| | |
|---|---|
| अनियमित भएको | ८,५२,५०० |

१२५ **वित्तीय समानीकरण अनुदानबाट अनुत्पादक खर्च** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको पाइयो । जस अनुसार वित्तीय समानिकरण अनुदान बजेटबाट चालू प्रकृतिका अनुत्पादक कार्यमा खर्च गर्न मिल्ने देखिँदैन । कार्यालयले देहायका अनुत्पादक कार्यक्रममा विनियोजन गरी खर्च गरेको देखिएकोले यस्तो खर्च अनियमित देखिएको रु.

| क्र. सं. | गो. भौ. नं./मिति | योजनाको नाम | भुक्तनी भएको रकम |
|---|---|---|---|
| १ | ३१-२०७९/६/९ | तिज विशेष कार्यक्रम, वडा नं. ७ | ५००००/- |
| २ | ४७-२०७९/६/१२ | तिज विशेष कार्यक्रम, वडा नं. ९ | ५००००/- |
| ३ | ३२१-२०७९/१२/२ | नारी दिवस, वडा नं. ४ | ५००००/- |
| | जम्मा | | १५००००/- |
| | | अनियमित भएको | १,५०,००० |

१२६ **हेभी मेशिनरी इन्धन खर्च -** पालिकाले मेशिनरी औजारको इन्धन खरिद शीर्षकबाट वडाहरुस्तरीय सडकहरुको मर्मत सम्भार तथा सरसफाई कार्य गर्न गाउँपालिकाको मेशिन प्रयोग गरेको जनाई ईन्धन खर्च बापत पुँजीगत खर्च शीर्षकबाट रु.४८,६३,३०३। खर्च गरेको लेखाङ्कन पाइयो । सडक सरसफाई, मर्मत सम्भार तथा रानीबन पहिरो नियन्त्रमा ईन्धन खपत भएको उल्लेख गरेकोमा कुल कार्यको मूल्याङ्कन बेगर ईन्धन खर्च मात्र भुक्तानी भएको छ । कुल कार्यमूल्याङ्कन प्रतिवेदन बेगर ईन्धन खर्च मात्र भुक्तानी हुँदा ईन्धन खर्च अनुसारको कार्य भएको छ भन्ने आधार देखिएन । इन्धन खर्चका अतिरिक्त डोजर चालकको तलब भत्ता, मेशिन प्रयोग गरेवापत भत्ता लगायतको खर्च हुने तर कामको प्राविधिक मूल्यांकन नहुनु उचित देखिएन । अतः खर्चलाई पुष्ट्याइँ हुने प्राविधिक मूल्यांकन सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । साथै मेशिन प्रयोग तथा सञ्चालन बापत कुनै भाडा आय लेखाङ्कन गरेको समेत नदेखिएकोले सो सम्बन्धमा समेत छानबिन गरी यकिन गर्नुपर्दछ ।

| मिति | भौचर नं | कार्यक्रम | विवरण | रकम |
|---|---|---|---|---|
| ०८/१४/२०७९ | १४९ | वडाभरिका बाटो सफा कार्य | वडा भरिका सडक सफा गर्ने कार्य १, २ र ९नं. वडा | ३९०९६०.०० |
| ०८/२९/२०७९ | १६६ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | ९८७५४९.०० |
| ०९/०५/२०७९ | १८८ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | ३०७७६२.०० |
| ०९/१९/२०७९ | २१२ | वडाभरिका बाटो सफा कार्य | वडा नं ९ को बाटो सफा गर्ने कार्य | ४९४९८.०० |
| ०९/२५/२०७९ | २२३ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | २२०५५०.०० |
| १०/०६/२०७९ | २३८ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | २१००००.०० |
| १०/१७/२०७९ | २५८ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | २३८०००.०० |
| ११/०२/२०७९ | २७० | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | २३३१८०.०० |
| ११/०३/२०७९ | २७९ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | ७९४२३.०० |

| | | | | |
|---|---|---|---|---|
| १२/०२/२०७९ | ३२० | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | १६०२००.०० |
| १२/२०/२०७९ | ३४४ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | १६८२९०.०० |
| १२/३०/२०७९ | ३७० | वडाभरिका बाटो सफा कार्य | वडा नं ५ को बाटो सफा गर्ने | २६८८००.०० |
| ०१/१७/२०८० | ३८८ | वडाभरिका बाटो सफा कार्य | वडा नं ९ र ६ को बाटो सफा गर्ने | २६८८००.०० |
| ०१/२७/२०८० | ४१६ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | २३५२००.०० |
| ०२/१६/२०८० | ४५७ | वडाभरिका बाटो सफा कार्य | वडा नं ७ को बाटो सफा गर्ने | ३४०४११.०० |
| ०२/१६/२०८० | ४५८ | वडाभरिका बाटो सफा कार्य | वडा नं ७ को बाटो सफा गर्ने | १८९६००.०० |
| २०८०/०२/३१ | ४८५ | वडाभरिका बाटो सफा कार्य | वडाको बाटो सफा गर्ने | २८४४००.०० |
| ०३/०७/२०८० | ५१४ | वडाभरिका बाटो सफा कार्य | वडा नं ९ को बाटो सफा गर्ने कार्य | २३०६८०.०० |
| | | | **जम्मा** | **४८६३३०३.००** |

